का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक १
❒ १६ माघ २०७६, बिहीबार
❒ 30 January 2020, Thursday
www.madhyanhadaily.com
पृष्ठ १२+ ८+८+८+८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

१८ औं वर्ष प्रवेश
विशेषांक
थप ३२ पृष्ठ

## प्रकाशकीय

### हामी १८ औं वर्षमा



मध्यान्ह राष्ट्रिय दैनिक १७ वर्ष पार गर्दै १८औं वर्ष प्रवेश गरेको जानकारी गराउन पाउँदा बडो हर्षित छौं । आजकै तिथि अर्थात् श्रीपञ्चमीका दिन सरस्वती पुजाको अवसर पारेर १७ बर्ष अघि मध्यान्हले नेपाली सञ्चार जगतमा पहिलो पाइला चालेको थियो । सूचना माथि आम नागरिकको सहज पहुँच स्थापित गर्दै मुलुकको समृद्धि यात्रामा सारथी बन्ने प्रण मध्यान्हले आज पनि छोडेको छैन ।

यो १७ वर्षे यात्रामा देशले अपनाएको भोगेको शासन प्रणाली र त्यस क्रममा सिर्जित सवै प्रकृतिका सजिला अप्ठ्याराहरूको मध्यान्ह साक्षी पनि हो । लोकतन्त्र, नागरिक स्वतन्त्रता र सामाजिक रूपान्तरणको यात्रामा मध्यान्ह सधैं अग्रपंक्तिमा खडा भएको तथ्य छिप्न सक्दैन । यसबारे लामो वृतान्तको जरूरी पनि नरहला । किनभने, आम नागरिकसँग मध्यान्हले सधैं काँधमा काँध मिलाउने कुरामा कुनै सम्झौता गरेको छैन, गर्ने पनि छैन ।

तर मध्यान्ह हिडेको बाटो सजिलो पनि छैन । मुलुकको सर्वोपरी हित र नागरिक कल्याणको विषयमा बिना सम्झौता अगाडि बढ्ने क्रममा मध्यान्हले निक्कै अक्करिलो यात्रा पार गर्नुपरेको छ । दुई दशक नजिक पुग्न लागेको यात्रामा थुप्रै उतारचढाबको सामना गर्नुपरेको छ ( मध्यान्हले । विकृति, विसंगती, भ्रष्टाचार र कुशासन विरूद्ध लड्न पक्कै सजिलो छैन, हिजो पनि थिएन । अझ सानो लगानीबाट ठूलो उद्देश्यसाथ अगाडि बढेको पाइलाले मूलबाटो भेटाउन निकै मुस्किल थियो । बाटो चौडा थिएनन्, अक्करिलो कच्ची गोरेटो भएर हिड्नु भनेकै एउटा पाइलामा संघर्ष र अर्कोमा अदम्य साहसको जरूरी थियो । तर, यी सर्त पालना गर्दै हामीले १७ वर्षे मूल गोरेटो बनाउन सफल भएका छौं । दुस्ख कष्ट त भोगेकै छौं , कहिल्यै हरेस खाएनौं ।

यी सफलताका पछाडि आम पाठक वर्ग, विज्ञापनज्ञाता र शुभेच्छुकहरूको अतुलनीय योगदान छ । आज पनि ती भीमकाय साथ छुटेको छैन । त्यसैले नै हाम्रो परिचय राष्ट्रिय तहको 'क' वर्गको दैनिक पत्रिकाका रूपमा स्थापित छ । मध्यान्ह प्रति तपाईंहरूको अटुट विश्वास र भरोसालाई हामीले पनि कहिल्यै निराशामा नबदल्ने प्रयास गरिरहेकै छौं । पाठक, विज्ञापनदाता तथा शुभेच्छुकहरू प्रति मध्यान्ह अझै बढी जिम्मेवार, भरोसायोग्य र इमानका साथ प्रस्तुत हुने हामी प्रण गर्दछौं । विश्वास छ, तपाई–हाम्रो विश्वास, साथ र सम्बन्धमा कतिपनि तलमाथि हुने छैन । लोकतान्त्रिक मूल्य मान्यता, नागरिक स्वतन्त्रता र समृद्ध समाज निर्माणमा हाम्रो प्रतिबद्धता अझ बलियो हुनेछ । धन्यवाद !

सीतादेवी श्रेष्ठ

# एकताको महाधिवेशन चैतमा

**बुधबारबाट काठमाडौंको राष्ट्रियसभा गृहमा शुरू भएको केन्द्रीय कमिटी बैठकमा सत्तारूढ नेकपाका अध्यक्ष द्वय केपी शर्मा ओली र पुष्पकमल दाहालले राजनीतिक प्रतिवेदन मार्फत् एकताको महाधिवेशन २०७७ चैत (२५-३०) मा गर्ने प्रस्ताव गरेका छन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ पुस

सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकताको महाधिवेशन २०७७ चैत २५-३० मा गर्नेगरी प्रस्ताव ल्याइएको छ । राष्ट्रिय सभागृहमा शुरु भएको दोस्रो केन्द्रीय कमिटी बैठकमा अध्यक्ष द्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा एकताको महाधिवेशनको मिति तय गरिएको हो । केन्द्रीय कमिटीमा प्रस्तुत प्रतिवेदनमा ०७७ भदौबाटै महाधिवेशनको तयारी थाल्ने उल्लेख गरेको छ । स्थानीय देखि प्रदेशसम्मको अधिवेशन २०७७ मंसिरसम्म सक्ने प्रस्ताव गरिएको छ ।

नेकपाले आगामी फागुनदेखि असार मसान्तसम्म देशव्यापी अभियान सञ्चालन गर्ने प्रस्ताव गरिएको छ । अभियान पछाडि समीक्षा गर्ने र अधिवेशनको तयारी अगाडि बढाउने प्रस्ताव ल्याइएको छ । गत मंसिर २९ देखि पुस ६ गतेसम्म बसेको स्थायी कमिटी बैठकले भने २०७७ फागुनमा महाधिवेशन गर्ने प्रस्ताव गरेको थियो ।




बैठकमा अध्यक्ष द्वयको राजनीतिक तथा महासचिव बिष्णुप्रसाद पौडेलको सांगठानिक प्रतिवेदन माथि छलफल हुनेछ । प्रतिवेदन समूह गत रुपमा गरिनेछ । २०७५ जेठ ३ गते तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीचको एकता पछिको दोस्रो पटक केन्द्रीय कमिटी बैठक बोलाइएको छ ।

बैठकको उद्घाटन सत्रमा भने प्रधानमन्त्री एवं नेकपाका अध्यक्ष ओलीले रक्षात्मक रुपमा प्रस्तुत भएका थिए । प्रधानमन्त्री ओलीले सरकार राष्ट्रियतालाई बलियो बनाउँदै चौतर्फी ढङ्गले विकास निर्माणको यात्रामा अघि बढेकाले यसबारे कुनै भ्रम र आशङ्का नराख्न पार्टीका केन्द्रीय सदस्यलाई आग्रह गरे । प्रधानमन्त्री ओलीले समृद्धिका लागि प्रयासरत भई सत्यका लागि लड्न आँट गर्ने सरकार भएकाले यसबारे कुनै अन्योल, भ्रम र आशङ्का रहेमा चिरेर जान आग्रह गरे ।

लगभग दुई तिहाइको सरकार स्पष्ट सोचका साथ गरीबी, भोकमरी र पछौटेपन अन्त्य गराउँदै विकास र समृद्धिका लागि चाहेको निर्णय गर्न सक्ने मजबुत अवस्थामा रहेकाले कुनै द्विविधा राख्न जरुरी नभएको स्पष्ट गरे । "नेपाललाई नयाँ चरणमा लान हामी अग्रसर रहेका छौं । हामी निर्वाचनबाट जनमत लिएर सरकारमा आएको कम्युनिष्ट पार्टी हौँ । हामी तीव्र आर्थिक विकासको गतिमा छौं । हामी अब मुलुकलाई आत्मनिर्भर बनाउने दिशामा क्रियाशील छौं । देखिएका कमजोरी भएमा सच्याउन सकिन्छ तर आन्दोलनलाई नोक्सान हुने कुरातिर जानु हुँदैन" प्रधानमन्त्रीले भने, "आत्मनिर्भर हुँदै हामी ऊर्जा र कृषि उपज निर्यातको चरणमा जानेछौं । हाम्रो काँधमा आएको राष्ट्र निर्माणको यो अभिभारा र अवसरलाई उपयोग गरौं ।"

**एमसीसी पारित हुन्छ**

प्रधानमन्त्री ओलीले अमेरिकासँग तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको कार्यकालमा २०७४ साल भदौ २९ गरिएको मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) सम्झौतानुसार अमेरिकी अनुदान तथा प्राविधिक सहायता र नेपाल सरकारको लगानीमा विभिन्न आयोजना बन्ने भएकाले यसलाई संसद्बाट अनुमोदन गर्न ढिला गर्न नहुने बताए ।

पाँच वर्षे सो सम्झौताको कतिपय बुँदामा प्रश्न उठे पनि यसलाई कार्यान्वयन गर्नाको विकल्प नभएको बताए । "यसमा धेरै विवाद गरिरहनु पर्दैन । यसमा नेपाललाई होच्याउने, बाँकी पृष्ठ २ मा

## चिनियाँ नाकामा रोक, भारतीयमा कडाई

**काठमाडौं/मस–** कोरोना भाइरसको संक्रमण बढेको बेला चीन-नेपालको सिमाना तातोपानी र रसुवागढी नाकाबाट पर्यटकहरु आउनको लागि रोक लगाइएको छ । नेपाल-चीन दुवैको सहमतिमा तातोपानी र रसुवागढी नाकाबाट १५ दिनको लागि नेपाल आउने पर्यटकको लागि रोक लगाइएको गृह मन्त्रालयका प्रवक्ता केदारनाथ शर्माले बताए ।

चिनियाँ पर्यटकको आवागमन भइरहेको बेला संक्रमण हुनसक्ने भन्दै आवागमनमा रोक लगाइएको प्रवक्ता शर्माको भनाइ छ । चीनमा कोरोना भाइरसको संक्रमण बढ्न थालेपछि रोक लगाइएको हो । हालसम्म १ सयभन्दा बढीको मृत्यु भइसकेको छ ।

यता कोरोना भाइरस नेपाल हुँदै भारतमा पनि सर्न सक्ने भन्दै नेपाल-भारत सीमा क्षेत्रमा कडाई गरिएको छ । नेपालबाट भारत प्रवेश गर्नेहरुको चेकजाँचका लागि भारतीय पक्षले सीमा क्षेत्रमा मेडिकल टीमसमेत खटाइसकेको छ । भारतको विहार, उत्तर प्रदेश, उत्तराखण्ड र वेस्ट वंगाल राज्यले बोर्डरमा मेडिकल टीम खटाएको भारतीय समाचार संस्था एएनआईले जनाएको छ । नेपालसँग जोडिएका भारतीय जिल्लाहरुमा एलर्ट जारी गरिएको भारतीय अधिकारीहरुले जनाएका छन् । नेपालमा पनि केही व्यक्तिमा कोरोना भाईरस फेला परेपछि सीमा क्षेत्रमा कडाई गरिएको र स्वास्थ्य चेकजाँच सुरु गरिएको एएनआईले जनाएको हो ।

## चीन–अमेरिका विवाद बढ्ने संकेत

**एजेन्सी–** अमेरिका र चीनबीचको विवाद थप बल्झिने भएको छ । तिब्बती नागरिकको मानव अधिकार, धार्मिक स्वतन्त्रता र तिब्बतको अर्थपूर्ण स्वायत्तताका लागि भन्दै अमेरिकी तल्लो सदन 'हाउस अफ् रिप्रेजेन्टेटिभ्स' विधेयक पास गरेपछि दुई शक्ति राष्ट्रबीच विवाद बढ्ने भएको छ । चीनमा सीमान्तकृत समुदायमाथि दमन भएको बताउँदै अमेरिकाले 'तिब्बत पोलिसी एन्ड सपोर्ट एक्ट २००२' लाई संशोधन गर्न नयाँ विधेयक ल्याएको अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरुले जनाएको छ ।

समाचारहरुका अनुसार पहिलेदेखि नै दलाई लामाको विषयले चीन-अमेरिका सम्बन्ध चिसो बनाइरहेको थियो । सदनबाट तिब्बतसम्बन्धी विधेयकले दुई देशबीचको कुटनीतिक सम्बन्धमा दरार ल्याउने आँकलन गरिएको छ । अमेरिकी तल्लो सदनले पास गरेको विधेयकमा निर्वासनमा रहेका धार्मिक गुरु दलाई लामाको उत्तराधिकारी चयनमा दबाब पुऱ्याउन खोज्ने चिनियाँ अधिकारीमाथि प्रतिबन्ध लगाउने उल्लेख छ । ती अधिकारीलाई अमेरिका प्रवेश गर्न दिइने छैन । त्यस्तै तिब्बतको राजधानी ल्हासामा अमेरिकी कन्सुलेट स्थापनाका लागि अनुमति नदिएसम्म अमेरिकामा थप चिनियाँ कन्सुलेट स्थापनाका लागि अनुमति नदिने विधेयकमा उल्लेख छ ।

अमेरिका ल्हासामा आफ्नो



कुटनीतिक उपस्थिति बलियो बनाएर तिब्बतको राजनीतिक आर्थिक र सांस्कृतिक विकास नियाल्न चाहन्छ । सदनमा मतदान हुनुअघि सभामुख नान्सी पेलोसीले भनिन्, 'हामी तिब्बती नागरिकको धार्मिक स्वतन्त्रताको समर्थन गर्छौं । तिब्बतका बौद्ध समुदायलाई आफ्नो धार्मिक नेता(१५औं दलाई लामा) चुन्ने विशेष अधिकार रहेको छ ।' आफूहरुले सदनमा विधेयक पास गरेर तिब्बतको धार्मिक र सांस्कृतिक मामिलामा हस्तक्षेप नगर्न बेइजिङलाई बाँकी पृष्ठ २ मा

तु-आवश्यकता
यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।
Manager - 1 M/F
Office Secretary - 1 Female
Documentation - 2 M/F
Receptionist - 1 Female
तलब आपसी सहमतिमा
त्रिवेणी ओभरसिज कन्सर्न प्रा. लि.

# विदेश जानेहरूको संख्या तथ्यांकमा समेटिँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ माघ

विगत एक दशकदेखि नेपाली अर्थतन्त्रलाई एक तिहाई योगदान पुऱ्याएका वैदेशिक रोजगारीमा रहेका र गएका नेपालीको संख्या कति ? धेरैले पटक-पटक यो प्रश्नको उत्तर खोजे पनि पाउन सकेका छैनन् । तर अब यो प्रश्नको उत्तर सजिलै पाइने वैदेशिक रोजगार विभागले बताएको छ ।

वैदेशिक रोजगार विभागले सन् २००० को अप्रिल २९ देखि हालसम्म करिब ६३ लाख नेपाली श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएको तथ्यांक सार्वजनिक गरेपछि वैदेशिक रोजगारीमा रहेका नेपालीको वास्तविक संख्या प्रति धेरैको चासो बढेको छ । तर उनीहरु सबै विदेश मै कार्यरत रहेका छन् त ? यसको जवाफ भने विभागसँग छैन ।

विभागको तथ्यांक अनुसार विगत २० वर्षको अवधिमा ६३ लाख नेपाली वैदेशिक रोजगारीमा गएका छन् । त्यस अघि देखि कति नेपाली वैदेशिक रोजगारीमा थिए ? कति उतै घरजम गरेर बसे ? सरकारी तथ्यांक प्रणाली बलियो नहुँदा त्यसको एकिन छैन । नेपालीको वैदेशिक रोजगार यात्राले ८ सय वर्षको लामो अवधि पार गरेको मानिन्छ ।

वैदेशिक रोजगार विज्ञ समाजशास्त्री डा. गणेश गुरुङको टिप्पणीलाई आधार मान्ने हो भने सन् १२०० को सुरुवाततिर कलाकार अरनिको चीन र बलभद्र कुँवर लाहोरका शासकको फौजमा भर्ती भएपछि नेपालको वैदेशिक रोजगारको इतिहास शुरु भएको हो । तर २०४६ सालको परिवर्तन पछि तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको सरकारका पालामा सबै नेपालीलाई राहदानी सहजतापूर्वक उपलब्ध गराउन थालेपछि आम नेपालीको पहुँचमा वैदेशिक रोजगार आएको हो । डा. गुरुङका विचारमा २०४६ साल पछि झन्डै ४० लाख नेपालीहरू रोजगारीका लागि विदेशी भूमिमा गएका छन् ।

विभागका महानिर्देशक डा. भीष्मकुमार भूसालका अनुसार श्रम स्वीकृति वाहेक भिजिट भिसा, विजनेश भिसा, विद्यार्थी भिसा, आश्रित भिसा लगायतका भिसा लिएर गई उतै काम गर्ने नेपालीहरूको तथ्यांक सरकारसँग छैन । त्यस्तै रोजगारीका लागि भारत जानेको पनि तथ्यांक सरकारसँग छैन । त्यसैले अहिले वैदेशिक रोजगारमा ४५ लाख नेपाली कार्यरत छन् भन्ने कुरा तथ्यांक नभई मिथ्यांक बढी हो ।

विदेशमा रहेका नेपालीहरुको हक हितमा आवाज उठाउँदै आएको गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले पनि कति नेपाली विदेशमा रहेका छन् भन्ने स्पष्ट बताउन सकेको छैन । विश्वका ७१ मुलुक बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## सुकुटी लाँदा भिसा रद्द

**काठमाडौं/मस–** सुकुटी र आलो मासुको लोभले दुई नेपालीले पाएको जापानको ३ वर्षे भिसा रद्द भएको छ । भिसा रद्ध भई स्वेदश फर्किएका व्यक्तिहरु चितवन घर भएका भट्टराई थरका बाबु छोरा हुन् । छोरो वैदेशिक रोजगारीका क्रममा जापानमा रहेका थिए । घर आई बाबुलाई साथमा लिएर जाँदा उनले सुकुटी र आलो मासु पनि साथै लगेका थिए । जापानले प्रतिबन्धित वस्तु ल्याएको भन्दै उनीहरुको भिसा रद्द गरेको बताइएको छ ।

उनीहरुका तीनवटा सुटकेसमा करिब ३ किलो सुकुटी र ३ किलो आलो मासु, हरियो तथा धुलो खुर्सानी लगायत अन्य खानेकुरा समेत भेटिएको बताइएको छ । सरकारले विदेश जाँदा अपनाउनुपर्ने सावधानीका विषयमा राष्ट्रिय देखि स्थानीय सञ्चारमाध्यमहरुमा जनचेतनाका नाममा लाखौं खर्च गरी कार्यक्रम सञ्चालन गरेपनि त्यसको प्रभावकारिता देखिन सकेको छैन ।

SalamAir



SalamAir/IME Travels
Lazimpat, Kathmandu
Phone: +977-1-4429467

सस्तो र सुलभ टुर प्याकेज तथा हवाई टिकट का लागि हामीलाई सम्झनुहोस । IME TRAVELS

हार्दिक शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिकको १७ औ वार्षिक उत्सवको उपलक्ष्यमा यस दैनिकले सम्बन्धित पक्षसम्म पुऱ्याएको सूचनामुलक जानकारीका लागि हार्दिक बधाई ज्ञापन गर्दछौं

सस्तो र सुलभ भाडा दरमा मध्यपूर्वी एशियाका विभिन्न मुलुकमा कार्यरत तथा त्यहाँ घुम्न चाहने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरु लगायत नेपाल घुम्न चाहने पर्यटकहरुको सेवामा समर्पित सलाम एयरलाई सहयोग गर्नु हुने सम्पूर्ण ट्राभल्स एण्ड टुर्स, मेनपावर एजेन्सी, तथा समस्त शुभचिन्तकहरु समक्ष कृतज्ञता ज्ञापन गर्दछौं ।

# राष्ट्रपतिसमक्ष निर्वाचन आयोगको प्रतिवेदन पेश

**काठमाडौं/मस–** राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले यही माघ ९ गते सम्पन्न राष्ट्रियसभा सदस्य निर्वाचन परिणाम पेश गरेका छन्। राष्ट्रपति कार्यालय शीतल निवासमा आज आयोजित कार्यक्रममा राष्ट्रपति समक्ष प्रमुख निर्वाचन आयुक्त थपलियाले राष्ट्रियसभा सदस्य निर्वाचन ऐनबमोजिम प्रतिवेदन पेश गरेका हुन्।



उक्त निर्वाचनमा २०७६ साल फागुन २० गतेदेखि रिक्त हुने १९ जना राष्ट्रियसभा सदस्यमध्ये १८ पदका लागि निर्वाचन भएको थियो। निर्वाचनमा सात प्रदेशबाट महिला समूहतर्फ सात जना, दलित समूहतर्फ दुई, अपांगता भएका व्यक्ति वा अल्पसंख्यक समूहतर्फ दुई र अन्य समूहतर्फ सात जना निर्वाचित भएका छन्।

प्रतिवेदनमा राष्ट्रियसभा गठनसम्बन्धी संवैधानिक एवं कानूनी व्यवस्था, निर्वाचन दल दर्ता, मतदाता नामावली, मतपत्र व्यवस्थापन, निर्वाचन सुरक्षा, निर्वाचन कार्यक्रम, जनशक्ति र सामग्री व्यवस्थापन, निर्वाचन आचारसंहिता, निर्वाचन अनुगमन र अवलोकन तथा मतदान, मतगणना र परिणाम घोषणाका विषय उल्लेख छ। प्रतिवेदन ग्रहण गर्दै राष्ट्रपति भण्डारीले निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीयरूपमा सम्पन्न गरेकामा आयोगका पदाधिकारीलगायत निर्वाचनमा संलग्न सबै निकाय, संस्था एवं व्यक्तिलाई धन्यवाद प्रकट गरिन्।

प्रत्येक दुई वर्षमा हुने राष्ट्रियसभा सदस्य निर्वाचनले निर्वाचन सञ्चालनमा परिपक्वता ल्याउने र नियमितरूपले सिक्न अवसर मिलेको जनाउँदै उनले निर्वाचनमा मतदाता सहभागिता, मतदाता शिक्षा कार्यक्रम सञ्चालन, मतदानमा अनुपस्थित मतदाता र बदर मत सम्बन्धमा चासो व्यक्त गरेकी थिइन्। सो अवसरमा राष्ट्रपति भण्डारीले भविष्यमा हुने निर्वाचनलाई अझै सहभागितामूलक, शान्तिपूर्ण र व्यवस्थित तवरले गर्न निर्वाचन सुधारका क्षेत्रमा थप कार्य गर्नसमेत निर्देशन दिएको आयोगले जानकारी दिएको छ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले प्रतिवेदन पेश गर्दै निर्वाचन सम्पूर्ण सरोकारवालाको सौहार्दपूर्ण एवं उत्साहपूर्ण सहभागितामा शान्तिपूर्ण एवं व्यवस्थितरूपमा सम्पन्न भएको जानकारी गराएका थिए। सो अवसरमा निर्वाचन आयुक्तद्वय नरेन्द्र दाहाल र ईश्वरीप्रसाद पौड्याल, आयोगका सचिव देवकुमारी गुरागाईंलगायत सहभागी थिए।

# नवलपुरको समृद्धिका लागि योजना छ : महामन्त्री कोइराला

**नवलपुर/मस–** नेपाली काँग्रेसका महामन्त्री एवं सांसद डा. शशांक कोइरालाले आफू निर्वाचित क्षेत्रको विकासका लागि नयाँ योजना बनाएको बताएका छन्। जिल्ला उद्योग वाणिज्य संघ बर्दघाट सुस्ता पूर्वको आयोजनामा आजदेखि नवलपुरको गैंडाकोटमा शुरु भएको तेस्रो गैंडाकोट महोत्सवको उद्घाटन गर्दै कोइरालाले यहाँको विकासका लागि योजनावद्ध रुपमा तीन वटा काम अगाडि बढाउने बताए।



कोइरालाले नवलपुरमा सबै प्रकारका खेल खेल्न मिल्नेगरि खेल मैदान बनाउने आफ्नो पहिलो योजना भएको बताए। देशकै केन्द्र भागमा पर्ने यस जिल्लामा खेलकूदको गतिविधि बढाउन सकेमा खेल पर्यटनमार्फत आर्थिक समृद्धि हासिल गर्न सकिने भन्दै कोइरालाले खेल मैदान बनाउने आफ्नो पहिलो योजना भएको बताए।

'काठमाडौँमा मात्रै भएको ट्रमा सेन्टरलाई नवलपुरमासमेत विस्तार गर्नेगरि योजना बनाएको छु' कोइरालाले भने, 'मेरो यो योजनामा सरकारले समेत साथ दिँदै दुर्घटनाबाट हुने घाइतेको शीघ्र उपचारका लागि सहयोग गर्नुपर्छ।' नारायणी नदी किनार हुँदै त्रिवेणीसम्म वैकल्पिक राजमार्गको समेत आवश्यकता रहेका कोइरालाले औंल्याए।

जिल्ला उद्योग वाणिज्य संघ नवलपुरको आयोजनामा शुरु भएको महोत्सवमा विभिन्न जातजातिका साँस्कृतिक घर एवं औद्योगिक तथा व्यवसायीक गरी ३५० भन्दा बढी स्टल राखिएका छन्। उद्योग वाणिज्य संघ नवलपुरका अध्यक्ष अमृत भट्टचनका अनुसार नवलपुरलाई औद्योगिक केन्द्रको रुपमा विकास गर्न गण्डकी प्रदेश सरकारबाट रु २० करोड प्राप्त भएको छ। सो रकमबाट कावासोती नगरपालिकामा पर्ने लोकाहा खोला नजिक ५०० बिघा जग्गा व्यवस्थापन गर्दै औद्योगिक केन्द्रको रुपमा गर्ने तयारी भइरहेको भट्टचनले बताए।

# गंगालाल हृदयरोग केन्द्रमा अक्सिजन प्लान्ट स्थापना

**काठमाडौं/मस–** महानगरपालिकाले गङ्गालाल हृदयरोग केन्द्रमा उपचार गर्न आउने बिरामीको लागि निःशुल्क अक्सिजन उपलब्ध गर्न अक्सिजन प्लान्ट स्थापना गर्ने भएको छ। केन्द्रको २४ औं स्थापना दिवस तथा शहीद सप्ताहको कार्यक्रम पारेर कामपाका प्रमुख विद्यासुन्दर शाक्य र केन्द्रका कार्यकारी निर्देशक डा. चन्द्रमणि अधिकारीले उपप्रधानमन्त्री ईश्वर पोखरेल र प्रदेशसभा सदस्य दीपक निरौलाको रोहबरमा सोसम्बन्धी सहमतिपत्रमा हस्ताक्षर गरे।




सम्झौताबमोजिम केन्द्रले प्लान्ट र यससम्बन्धी उपकरण खरीद खुला प्रतिस्पर्धाबाट गर्नुपर्नेछ। यसरी गरिएको बोलपत्रबाट छनोट भएको प्रस्तावकले कबोल गरेको रकम बराबरको पैसा महानगरले केन्द्रको बैंक खातामा पठाइदिनेछ।

प्लान्टको निरन्तर सञ्चालनका लागि पूर्वाधार तयार पार्ने, जनशक्ति खटाउने, विद्युत् प्रणाली जडान गर्ने, जनशक्ति खटाउने तथा मर्मतसम्भार गर्ने जिम्मेवारी केन्द्रको हुनेछ। कामपाले केन्द्रमा अक्सिजन प्लान्ट स्थापना गर्नका लागि चालु आर्थिक वर्षमा रु तीन करोड बजेट छुट्याएको छ।

सो अवसरमा रक्षामन्त्री पोखरेलले स्वास्थ्य संस्थाको सहयोगमा नागरिकलाई सहज स्वास्थ्य सेवा पुर्याउन गरिएको कामको सराहना गरे। महानगरले सकेको आफैं र नसकेका ठाउँमा सक्नेको सहयोगमा काम गरे दिगो हुन्छ भन्दै उपप्रधानमन्त्री पोखरेलले यसलाई निरन्तरता दिनुपर्ने धारणा राखे।

कामपाका प्रमुख शाक्यले रोगको उपचारका लागि मात्र नभई रोग लाग्नै नदिनका लागि पनि कार्यक्रम अघि बढ्ने बताउँदै नागरिकको दैनिक समस्यासँग जोडिने हरेक ठाउँमा सक्ने सहयोग गर्न महानगर सदैव तयार छ भने।

प्रमुख शाक्यले काठमाडौंका सबै नगरलाई सार्वजनिक जग्गा संरक्षण, हरियाली प्रवर्द्धन र उद्यान निर्माणका लागि रु एकएक करोड सहयोग उपलब्ध गराएको, प्रवर्द्धनात्मक तथा उपचारात्मक स्वास्थ्य सेवाका लागि नेपाली सेना, कान्ति बाल अस्पताललगायतसँग सहमति गरेको तथा शहरी सुरक्षाका लागि नेपाल प्रहरीसँग सहकार्य गरेको जानकारी दिए।

कामपाको यही माघ ८ गते शहीद सप्ताह सञ्चालनका लागि बसेको बैठकले शहीदका सम्झनामा उद्यान, मानव सेवा आश्रम र अक्सिजन प्लान्ट सञ्चालन गर्ने निर्णयअनुरुप सो काम अघि बढाइएको हो।

बैठकको निर्णयमा कामपाले शहीद धर्मभक्त माथेमाका स्मृतिमा वडा २३ ॐ बहालमा उद्यान निर्माण गर्ने र 'शहीद धर्मभक्त मानव सेवा आश्रम' सञ्चालन गर्ने तथा गङ्गालाल श्रेष्ठका नाममा सञ्चालनमा रहेको केन्द्रमा अक्सिजन प्लान्ट स्थापनाका लागि सहयोग गर्ने थियो। विसं १९९७ मा शहादत प्राप्त शहीदले प्राणदण्ड पाएका स्थानमा कामपाले यही माघ १० देखि १६ गतेसम्म सप्ताहव्यापीरूपमा शहीद दिवस कार्यक्रम सञ्चालन गरिरहेको छ।

# मेगा बैंकको वित्तीय साक्षरता कार्यक्रम

**काठमाडौं/मस–** मेगा बैंक नेपाल लिमिटेडले काठमाडौंको धापासीमा वित्तीय साक्षरता कार्यक्रम गरेको छ। बैंकिङ साक्षरता अभियान संचालन गर्ने क्रममा बैंकले माई युथ क्लवसँगको सहकार्यमा काठमाडौंको धापासीमा एक दिने वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको हो।



कार्यक्रममा मेगा बैंककी दायित्व विभाग प्रमुख जेनु थापा, बचत निक्षेप विभागका इन्चार्ज सुजन पोखरेल, मोनिल थापा लगायतले वित्तीय साक्षरता सम्बन्धी कक्षा लिएका थिए।

स्थानीय व्यवसायी एवं बुद्धिजीविहरुको सहभागिता रहेको कार्यक्रममा मेगा बैंकका बचत तथा कर्जा योजना, बैंकको नेटवर्क, वित्तीय कारोबार, भविष्यको योजना, सुरक्षित बचत, कर्जा तथा विप्रेषणबाट प्राप्त रकमको उत्पादनमुलक लगानी, पारिवारिक बजेट तथा योजना, जोखिम न्यूनीकरण लगायतका विषयमा जानकारी गराइएको थियो।

### एकताको...

अपमान गर्ने वा हिन्द प्रशान्त रणनीतिको सम्बन्धको कुरा छैन। हरेक देशका अनेक अदृश्य स्वार्थ हुन सक्छन्। त्यसमा हामी नजाऔं। त्यसरी जाने हो भने कुनै मुलुकसँग सम्बन्धै नराख्ने कुरा पनि उठाउन सकिन्छ तर हामीले आफ्नो मुलुकको स्वार्थ र प्राथमिकता हेर्ने हो", प्रधानमन्त्रीको भनाइ छ।

**सीमा समस्या**

नेपाली भूगाग लिम्पियाधुरालाई आफ्नो नक्शामा समावेश गरी भारतले नक्शा सार्वजनिक गरेकामा उक्त कार्य सुगौली सन्धिको विरुद्ध रहेको भनी पहिलो पटक लिखित पत्राचार गरी छिमेकी भारतलाई आग्रह गरिएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले यसबारे आफूले संसद्मा विस्तृतरुपमा राख्ने जनाए।

प्रधानमन्त्रीले भने, "आपसी संवादको माध्यमबाट सीमा विवादको समाधान गर्न सकिनेछ र त्यही प्रयास गरिरहेका छौं। सरकारले राष्ट्रहितलाई बेवास्ता गर्दैन। यो राष्ट्रवादी र सत्यका लागि लड्न आँट गर्ने सरकार हो। हामी जोसुकैसँग पनि सार्वभौम समानताका आधारमा कुरा गर्न सक्छौं।"

**'चौतर्फी र विकास र उपलब्धि'**

सरकारका दुई वर्षका उपलब्धिबारे अवगत गराउँदै प्रधानमन्त्री ओलीले त्रिशूली थ्री 'ए' जलविद्युत् आयोजना निर्माण सम्पन्न भएको, टनेल बोरिङ मेशिनबाट भेरी बबई बहुउद्देश्यीय आयोजनाको सुरुङ छेडिएको, अन्तरराष्ट्रिय विमानस्थलहरुको निमार्णमा तीव्रताका साथै अन्य विमानस्थलको व्यवस्थापन शुरु भएको र सङ्घीय संसद् भवनलगायत राष्ट्रिय आवासहरुको निर्माण शुरु भएको बताए।

नेपाल-भारतबीच ४०० केभी प्रसारण लाइन निर्माण शुरु भएको, जनता आवास कार्यक्रम लागू भएको, मेलम्ची खानेपानी आयोजना यसै आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी शुरु गरिएको, २२८ स्वास्थ्य भवन बनेको, भूकम्पपछिको पुनःनिर्माणले असाधारणरुपले गति लिएको र ७५३ पुरातात्विक सम्पदामध्ये ३८७ सम्पदा पुनःनिर्माण सम्पन्न भएको जनाए।

प्रधानमन्त्री ओलीले यती होल्डिङसँग नेपाल ट्रष्टका जग्गा र सम्पत्ति भाडामा लगाउने कार्य विगतदेखि शुरु भएको उल्लेख गर्दै हालका सम्झौता र नवीकरण कानूनसम्मत तथा बजार मूल्यअनुकूल भएको बताए। अध्यक्ष ओलीले पार्टी एकता प्रक्रियालाई सबै तहमा पूर्णता दिई तल्लो तहसम्म परिचालन गर्न स्पष्ट मार्गदर्शन दिन बैठक सफल हुने अपेक्षा पनि व्यक्त गरे।

### चीन...

स्पष्ट संकेत दिएको सभामुख पेलोसीले बताइन्।

सभामुख पेलोसीले आफूले दशकअघि रोकिएको दलाई लामासँगको वार्तालाई बेइजिङले प्राथमिकता दिने आशा राखेको बताइन्। अमेरिकी तल्लो सदनमा ३९२ जना यो विधेयकको पक्षमा उभिए भने २२ जनाले यसको विपक्षमा मतदान गरे। अमेरिकी तल्लो सदनमा ४३५ जना सदस्य रहेका छन्। यो विधेयक अमेरिकाको माथिल्लो सदन सिनेटले पास गरेपछि मात्रै ऐनको रुपमा लिनेछ। यसअघि डिसेम्बरमा अमेरिकी सदनले अल्पसंख्यक मुस्लिम उइगर समुदायमाथि अत्याचार गरेको भन्दै चिनियाँ अधिकारीमाथि प्रतिबन्ध लगाउने गरी एउटा विधेयक पास गरेको थियो।

नोबेल शान्ति पुरस्कार विजेता धार्मिक नेता दलाई लामा भारतको धर्मशालामा बस्दै आएका छन्। सन् १९५९ मा चीनले तिब्बतमा सेना पठाएपछि दलाई लामाले भारतमा शरण लिएका थिए। उनी ८४ वर्ष पुगेका छन्। उनको उत्तराधिकारीका बारेमा चीन र अमेरिकाबीच विवाद चलिरहेको छ। दलाई लामाको उत्तराधिकारी चयनमा तिब्बती नागरिककै विशेष अधिकार रहेको बताउँदै चीनले अवरोध पुर्याए अमेरिकाले संयुक्त राष्ट्र संघमा यो विषय उठाउने बताउँदै आएको छ। अमेरिकाले दलाई लामाको उत्तराधिकारीको चयन चीन सरकारले नभई बौद्ध धर्मका अनुयायीबाटै हुनुपर्ने भन्दै वैश्विक समर्थन जुटाउने प्रयास गरिरहेको छ। चीनले भने १५औं दलाई लामा बेइजिङले नै घोषणा गर्ने संकेत दिइसकेको छ।

### विदेश...

वा स्थानहरुमा राष्ट्रिय समन्वय परिषद्हरु गठन गरी विश्वव्यापी सञ्जाल बनाएको उक्त संघ र सरकारी निकायहरुले विदेशमा रहेका नेपालीहरुको संख्या एकिन गर्न नसक्दा विदेशमा रहेका नेपालीलाई कसले समेट्छ भन्ने प्रश्न अनुत्तरित रहने गरेको छ।

तर विभागले अध्यागमन विभागसँग हालै डाटा शेयरिङ र इन्टिग्रेसन गरेपछि अब विदेश जाने र उतै बस्ने सबै नेपालीको संख्या एकिन हुने दावी गरेको छ। महानिर्देशक डा. भूसाल भन्छन्, 'कुनै व्यक्ति नेपालको अध्यागमनबाट जुनसुकै प्रयोजनका लागि बाहिर गए पनि आए पनि सरकारसँग तथ्यांक हुनेछ। कुनै व्यक्तिले हिजोका दिनमा कुन कुन भिसामा बाहिर गएको हो हेर्न र अपराध नियन्त्रण गर्न समेत सहयोग पुग्नेछ। अब बल्ल कति नेपाली भारत बाहेकका देशमा छन् भन्ने कुराको वास्तविक सूचना संकलन हुनेछ।'

वैदेशिक रोजगारबाट आउने रेमिट्यान्स नेपालको बाह्य व्यापार सन्तुलन प्रमुख आधारको रुपमा रहँदै आएको छ। विगत दश वर्षमा विप्रेषण आप्रवाहको कुल गार्हस्थ्य उत्पादनसँगको औसत अनुपात २५ प्रतिशत भन्दा माथि रहेको छ। हुण्डी लगायत अनौपचारिक श्रोतबाट आउने रकमको अंश जोड्दा रेमिट्यान्सको योगदानको प्रतिशत ३० भन्दामाथि जाने गरेको छ। त्यसले नेपालको गरिबी न्यूनीकरण लगायत सामाजिक विकासमा उल्लेख्य सुधार समेत ल्याएको छ।

तर वैदेशिक रोजगारीमा रहेका नागरिकको संख्या कति हो भन्ने एकिन हुन नसक्दा सरकार उनीहरुले आर्जन गरेको ज्ञान, सीप, पुँजी र प्रविधिलाई नेपालको आर्थिक र सामाजिक विकासमा लगाउन चुकिरहेको विज्ञहरुको विश्लेषण छ।

# पीडित परिवारले शव बुझेनन्

**वीरेन्द्रनगर/मस–** वीरेन्द्रनगर नगरपालिका- ३ सुर्खेतमा मंगलबार टिपरले किचेर मृत्यु भएका कालिकोट महावै गाउँपालिका- ३ सिमखेत २१ वर्षीय केशरबहादुर सिंहका परिवारले बुधबार पनि शव बुझेका छैनन्।

भे१ख २२४२ नंको टिपरले भे१प २१७८ नंको मोटरसाइकलमा सवार सिंहलाई बिहान ८ ठक्कर दिँदा घटनास्थलमै उनको मृत्यु भएको थियो। उनको मृत्युपश्चात् पीडित परिवारको सहमतिविना नै प्रहरीले बल प्रयोग गरेर शव उठाएकोप्रति विरोध गर्दै उनीहरुले बुधबार साँझ ६:३० बजे सडकमा प्रदर्शन गरेका थिए।

मृतक सिंहको शव कर्णाली प्रदेश अस्पतालको शव गृहमा राखिएको प्रहरीले जनाएको छ। पीडित परिवारले टिपर धनी हरि बिसी नआउन्जेल र उचित क्षतिपूर्ति उपलब्ध नगरुन्जेल शव नबुझ्ने र बिहीबार सडक यातायात बन्द गर्ने तथा बाँकी संघर्षका कार्यक्रम अघि बढाउने चेतावनी दिएका छन्।

# सानिमा बैंकको डिजिटल सौगात




**काठमाडौं/मस–** सानिमा बैंक लिमिटेडले श्री पञ्चमी (सरस्वती पूजा) को उपलक्ष्यमा आफ्ना ग्राहकहरुलाई विशेष योजना स्वरुप विभिन्न छुट प्रदान गर्ने भएको छ।

बैंकले आफ्ना नयाँ तथा पुराना ग्राहकहरुलाई लक्षित गर्दै दुई दिनको लागि डेबिट कार्ड र मोबाइल बैंकिङ सेवामा जारी शुल्क नलाग्ने व्यवस्था गरेको छ। साथै ग्राहकहरुले दुबै सुविधा एकैसाथ उपभोग गर्दा रु १०० को नेपाल टेलिकम वा एनसेलको टपअप पाउनु हुनेछ।

यस योजना माघ १६ र माघ १७ का लागि लागू गरिएको छ। यो योजना विद्यार्थीवर्गलाई मात्र लक्षित हुनेछ र सुविधा लिन आउँदा ग्राहकले विद्यार्थी परिचय पत्र पेश गर्नुपर्नेछ। यो योजनाका लागि नाबालकको हकमा भने प्रचलित निर्देशन अनुसार गर्न सकिनेछ।

तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ। मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com



# आज श्रीपञ्चमी

**काठमाडौं/मस-** प्रत्येक वर्ष माघ शुक्लपञ्चमीका दिन मनाइने श्रीपञ्चमी विद्याकी अधिष्ठात्रीदेवी सरस्वतीको पूजाराधना गरी आज देशभर मनाइँदैछ । वसन्त पञ्चमीका दिन सरस्वतीको पूजा गरे विद्या बुद्धि बढ्ने विश्वास छ । देशभरका सरस्वती मन्दिरमा पूजाआराधना गर्न श्रद्धालुको भीड लाग्छ । विद्यालय नपठाइएका साना बालबालिकालाई आजकै दिनदेखि अक्षरारम्भ गराउने चलन छ । आजका दिन लेखपढ गर्न सिकाए राम्रो विद्या आउने जनविश्वास छ ।



चन्द्रमाजस्तो गोरो वर्ण भएकी तथा हातमा वीणा र पुस्तक लिएकी विद्याकी देवी सरस्वतीलाई भक्तजनले भारती, शारदा, हंसबाहिनी, जगन्माता, बागीश्वरी, कौमारी, वरदायिनी, बुद्धिधात्री, ब्रह्मचारिणी, चन्द्रघण्टा र भुवनेश्वरीजस्ता नामले पुकार्छन् ।

विद्या र सिर्जनाकी देवी भएकाले विशेष गरी साहित्यकार, कलाकार, पत्रकार, शिक्षक र विद्यार्थी आआफ्ना कला-साधनाका वस्तु कलम, कापी, कुची र वाद्ययन्त्र आदिलाई सरस्वतीका रूपमा पूजाराधना गर्छन् भने तान्त्रिकहरू तन्त्र सिद्धिका लागि तारादेवीका रूपमा आराधना गर्छन् ।

सूर्य उत्तरतिर लागी दिन लामो हुने र वसन्त ऋतु प्रारम्भ हुने विश्वासका साथ आजका दिनलाई 'वसन्तपञ्चमी' पनि भन्ने गरिन्छ । यसै यामदेखि वन ढकमक्क हुन्छ । प्राकृतिक रुपमै रमाइलो वातावरणको अनुभव हुन्छ । ऋग्वेदमा वाग्देवीका नामले प्रसिद्धि पाएकी ब्रह्माकी अर्धाङ्गिनी ब्रह्मायणीको पूजोपासनाले सबै प्रकारको ज्ञान, सिद्धि र सद्बुद्धि प्राप्त हुने भएकाले सरस्वती पूजाको ठूलो महत्व छ । 'गान्धर्व पुराण'मा आजका दिन सरस्वतीको पूजा गरी विद्यारम्भ गरेमा सर्वसिद्धि प्राप्त हुन्छ भन्ने उल्लेख छ ।

आजका दिन विवाह, व्रतबन्ध, गुफा राख्ने र बेलविवाह (इही) जस्ता सामाजिक तथा धार्मिक कार्य गर्न साइत हेर्नुपर्दैन भन्ने विश्वास छ । यस दिन बालबालिकालाई शिक्षारम्भका साथै नाक-कान छेडिदिने गरिन्छ । काठमाडौं उपत्यकाका स्वयम्भू, मैतीदेवी र गैरीधारास्थित नीलसरस्वती, ललितपुरको लेलेलगायत अन्य जिल्लामा रहेका सरस्वतीका मन्दिरमा आज बिहानैदेखि पूजाआजा गर्न भक्तजन, खासगरी छात्रछात्राको घुइँचो लाग्छ । सरस्वतीलाई चढाइएको सात गेडा अक्षता दाँतले नछोइ निलेमा विद्या र बुद्धि स्फुरण भई विद्यादेवीबाट चेतनाको ज्योति पाइन्छ भन्ने धार्मिक विश्वास छ ।

वसन्त श्रवण

यस अवसरमा हनुमानढोका दरबारको नासल चोकमा राष्ट्राध्यक्षले वसन्त श्रवण गर्ने चलन छ । बिहीबार बिहान ९ : ०५ मिनेटको साइतमा राष्ट्रपति विद्यादेवी भण्डारीले वसन्त श्रवण गर्ने कार्यक्रम रहेको हनुमानढोका दरबार हेरचाह अड्डाका मिठाराम पुडासैनीले जानकारी दिए । वसन्त श्रवणको साइत नेपाल पञ्चाङ्ग निर्णायक समितिले उपलब्ध गराएको उनले बताए ।

# एनआरएनए र एसोसिएट्सबीच सम्झौता

**काठमाडौं/मस-** गैरआवसीय नेपाली संघ (एनआरएनए) र पिपुल्स लिगल एसोसिएट्सबिच कानूनी सेवा लिने र दिने सम्बन्धमा सम्झौता भएको छ । बुधवार काठमाडौंमा एक कार्यक्रममा दुई पक्षबीच सो सम्झौता भएको हो । सम्झौतापत्रमा एनआरएनएका प्रमुख कार्यकारी अधिकृत डा. हेमन्त कुमार दवाडी र पिपुल्स लिगल एसोसियट्सका प्रबन्ध निर्देशक अधिवक्ता रामचन्द्र पौडेल (आरसी विमल) ले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् । सम्झौता अनुसार एनआरएनएका सदस्यलाई पिपुल्स लिगल एसोसिएट्सले निशुल्क कानूनी परामर्श दिनेछ ।



एनआरएनएसँग सहकार्य गर्ने ऐतिहासिक अवसरलाई आफुहरुले गौरवका रुपमा लिएको एसोसिएट्सका प्रबन्धक निर्देशक अधिवक्ता पौडेलले बताए । सम्झौतापश्चात पौडेलले एनआरएनका लागि छुट्टै डेस्क स्थापना गरी काम गरिने बताए । सम्झौताले एनआरएनए र एनआरएनएले सिफारिस गरेका प्रवासी नेपालीको कानूनी समस्याको समाधान गर्न सहज एवं व्यवस्थित भएको पौडेलको भनाइ छ ।

समग्रमा एनआरएनए र आम प्रवासी नेपालीको कानूनी अधिकारको रक्षाका लागि आफुहरु लागिपर्ने अधिवक्ता पौडेलले उल्लेख गरे । त्यसैगरी एनआरएनए यूरोप शाखाका उपसंयोजक शुक्रराज न्यौपानेले दुई पक्षबिचको सम्झौताले गैरआवासीय नेपालीलाई कानुनी उपचार खोज्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

उनले गैरआवासीय नेपालीहरु मुलुकको समग्र विकासका लागि काम गर्न इच्छुक रहेको बताए । न्यौपानेले नेपाल सरकारले संगालेको समृद्धिको सपनालाई साकार पार्न गैर आवासीय नेपाली उत्साहित रहेको समेत दावी गरे । उनले आफुहरु भौतिक रुपमा विदेशी भूमिमा रहेपनि भावनात्मक हिसाबले सधै नेपालमै रहेको अनुभूति गर्ने गरेको बताए ।

कार्यक्रममा नेपाल बार एशोसियसनका महासचिव वरिष्ठ अधिवक्ता लिलामणि पौडेल, एनआरएनएका प्रमुख कार्यकारी अधिकृत डा हेमन्त कुमार बुढाथोकी र अधिवक्ता विष्णु अधिकारीले प्रवासी नेपालीका लागि नेपालको कानूनमा भएका जटिलताका सन्दर्भमा चर्चा गरेका थिए ।

# 'उपत्यका हरेक कोणबाट सुरक्षित'

**काठमाडौं/मस-** पछिल्लो समय उपभोक्ताहरुमाथि विभिन्न बहानामा ठगिने क्रम बढिरहेको विषयलाई ध्यान दिँदै सरोकारवाला निकायले कारबाहीलाई तदारुकता दिएको जानकारी दिएका छन् । बजारमा निर्माण, औषधी, खाद्यान्न लगायत सामाग्रीमा ठगी भइरहेको गुनासा आएको सन्दर्भमा तराई विकास तथा सञ्चार केन्द्र नेपालले बुधबार गरेको कार्यक्रममा यस्तो जानकारी दिएको हो । यही सन्दर्भमा 'बजार अनुगमन, अपराध अनुसन्धानमा लागूऔषधको अवस्था र नियन्त्रणका उपायहरु' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।



कार्यक्रममा काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी जनकराज दाहालले काठमाडौ जिल्ला प्रशासन कार्यालय नेपाल सरकारको उद्देश्य पूर्तिका लागि दत्तचित्त भएर लागेको बताए । हाल काठमाडौं उपत्यकाभित्र घट्ने विभिन्न किसिमका आपराधिक घटना र उपभोक्ता ठगीका घटनाहरु न्यूनीकरण गर्न आफूँहरु सक्रिय भएर लागेको बताए । उनले नागरिकता, राहदानी लिने क्रममा समेत विचौलियाबाट सेवाग्राहीहरु ठगिँदै आएकाले यस विषयमा आम नागरिकहरु सचेत हुन आग्रह गरे ।

यसैगरी शान्ति सुरक्षाको हिसाबले काठमाडौ उपत्यका शतप्रतिशत सुरक्षित रहेको जिकिर गर्दै उनले भने, 'काठमाडौं उपत्यका जुनसुकै कोणबाट सुरक्षित छ, यसको लागि हामी उत्तिकै सचेत पनि छौँ ।' आफूँहरुले विगतमा जस्तै विभिन्न चाडपर्वहरु शान्तिपूर्ण तरिकाले सम्पन्न गर्न सफल भएको बताउँदै शान्ति सुरक्षामा काठमाडौं जिल्ला प्रशासन कार्यालय चुस्त दुरुस्त भएको जिकिर गरे ।

उनले जिल्लामा लागूऔषधको दुर्व्यसनीको सन्दर्भमा कुरा राख्दै काठमाडौ जिल्लाभित्र लागूऔषध दुर्व्यसन रोक्नका लागि जिल्ला प्रशासन कार्यालयले प्रहरी प्रशासनलाई सक्रिय भएर लाग्न निर्देशन दिएको जानकारी गराए । घरघरबाटै दुर्व्यसन रोक्ने अभियानमा लाग्नुपर्ने उल्लेख गर्दै उनले भने, '३ सय भन्दा बढी कानुन बनिसकेका छन् अब प्रभावकारी सेवा प्रदान गर्ने कामलाई तदारुकता दिइन्छ ।'

त्यसैगरी कार्यक्रममा वाणिज्य तथा उपभोक्ता हित संरक्षण विभागका महानिर्देशक नेत्रप्रसाद सुवेदीले विगतमा भएका कामहरुलाई सम्मान गर्ने र बाँकी कामहरुलाई प्राप्त सुझावका आधारमा विभाग अगाडि बढ्ने जानकारी दिए । उनले उपभोक्ताहरुको हितका लागि विभिन्न कार्यक्रमहरु अगाडि सारेको बताउँदै भने, 'एसएमएस सिस्टम, क्यु सिस्टम, विद्युतीय हाजिरी, उपभोक्ता सहायता कक्षाहरु अप्रेसनमा ल्याएका छौँ ।'

विभागले हाल व्यवस्थित तरिकाले अनुगमन गरिरहेको बताउँदै उनले भने, 'सूचना र मापदण्डमा आधारित व्यवस्थित अनुगमन र दीगो खालको प्रभावकारी अनुगमन गरिरहेका छौँ ।' अनुगमन सूचना प्रणालीमा आधारित हुनुपर्नेमा उनको जोड थियो । कालाबजारीमा संलग्न व्यक्तिहरुमाथि मुद्दा समेत चलाइएको उनले जानकारी दिए ।

त्यसैगरी अनुगमनमा जाने टोलीका सदस्यहरुलाई आचारसंहिता निर्माण गरेको उल्लेख गर्दै उनले अब छिट्टै नै पालना भए नभएको अनुगमन गरिने बताए । महानिर्देशक सुवेदीले विभागले दिनहुँजस्तो अनुगमन गरिरहेको दाबी गर्दै भने, 'उपत्यकाभित्र र बाहिर अनुगमन गरिरहेका छौँ तर अनुगमन भने उजुरी गरेकै भरमा होइन, क्रसचेक गर्ने गरेका छौँ ।' बजारमा फलामे डण्डी, सिमेन्ट, स्टील तथा उपभोग्य बस्तुहरुमा ठगी भइरहेको गुनासो आइरहेकोले दोषीलाई कारबाही गर्न विभाग तत्काल लाग्ने महानिर्देशक सुवेदीले बताए ।

त्यसैगरी कार्यक्रममा औषधी व्यवस्था विभागको महानिर्देशक नारायणप्रसाद ढकालले औषधी व्यवस्था विभागले विदेशबाट स्वदेशमा भित्रिने औषधीहरुको गुणस्तरीयता, बजार व्यवस्थापन, फार्मेसीहरुको अनुमगन गर्दै आएको जानकारी दिए । त्यसैगरी विभागले औषधीको समुचित प्रयोगलाई प्रवर्द्धन गर्ने क्रियाकलाप सक्रिय भएको बताए ।

उनले कसैलाई कारबाही गर्ने भन्दा पनि सबै पक्षलाई जिम्मेवार भई काम गरोस् गलत काम नगरोस् भन्ने खालको वातावरण सिर्जना गर्न विभाग लागि परेको बताए ।

त्यसैगरी कार्यक्रमा साल्ट टेडिङ्ग कर्पोरेशनका डिजिएम ब्रजेश झाले साल्ट टेडिङ्गले आफ्ना संस्थाबाट उपलब्ध गराउँदै आएका सामग्रीहरु बजारको भन्दा सुलभ मूल्य र गुणस्तरीय सामाग्रीमा सम्झौता नगरेको जानकारी दिए । साथै सरकारले लिएको उद्देश्यअनुसार जनमानसलाई सहज र सुपथ रुपमा नुन, तेल, गेडागुडीसहितका खाद्यान्न उपलब्ध गराएको बताए ।

प्रेस काउन्सिल नेपालका सदस्य गोविन्द चौलागाईले बजारमा उपभोक्ता ठगिएको गुनासा आएको र आम जनताले सरकार भएको अनुभूति गर्नका लागि सरोकारवाला निकायले काम गर्नुपर्ने भएकोले त्यसअनुरुप अघि बढ्न आग्रह गरे ।

हार्दिक बधाई !
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
सन्जय देवकोटा
प्रवन्ध निर्देशक
तथा
साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
परिवार
ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक, ललितपुर, फोन: ०१-५१९३२३६

नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जन र विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको मध्यान्ह राष्ट्रिय दैनिक १७ वर्ष पूरा गरी १८औं वर्षमा प्रवेश गरेको अवसरमा यस राष्ट्रिय दैनिकलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
कमल काफ्ले
प्रबन्ध निर्देशक
एवं
लिंक ईन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा. लि.
परिवार
सुकेधारा, काठमाडौं, फोन : ०१-४००८६९८, ४००८६९९

हार्दिक बधाई
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
देवेन्द्र नारायण श्रेष्ठ
अध्यक्ष
तथा
पाशा इन्टरनेशनल प्रा. लि.
परिवार
कुपण्डोल, ललितपुर, फोन: ५५३९३३१

हार्दिक बधाई
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
सन्तोष श्रेष्ठ
प्रबन्ध निर्देशक
तथा
ईभ नेपाल ओभरसिज प्रा.लि.
परिवार
शान्तिनगर, काठमाडौं, नेपाल
फोन नं. ४१०७५२०, ४६२२४२६

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.
G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# केन्द्रीय कमिटीको कार्यभार

प्रधानमन्त्री केपी शर्मा ओली राष्ट्रिय सभा गृहमा बुधबारबाट शुरू भएको सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को केन्द्रीय कमिटी बैठकमा रक्षात्मक अवस्थामा प्रस्तुत भए। सधैं आक्रामक देखिने प्रधानमन्त्री एवम् नेकपा अध्यक्ष ओली केन्द्रीय सदस्य हरूका अगाडि भने रक्षात्मक बन्न पुग्दा कतिपयले निराश उद्‌घाटनको टिप्पणी समेत गरेका छन् । सरकारले गरिरहेको राम्रो कामको प्रचार नहुँदा नेकपा नेतृत्व प्रति नकारात्मक सन्देश फैलाउने काम भइरहेको प्रधानमन्त्रीको भनाइ छ। झण्डै तीन घण्टा सम्बोधन गरेका अध्यक्ष ओलीले वर्तमान राजनीतिका 'हट केक' बनिरहेको अमेरिकी परियोजना मिलियन च्योलेन्ज कर्पोरेसन (एमसीसी) र यति होल्डिङ्सबारे रक्षात्मक देखिए।

केन्द्रीय सदस्यहरूले यसबारे प्रश्न उठाउन सक्ने संभावना देखेका अध्यक्ष ओलीले निकै लामो व्याख्या सहित प्रष्ट्याउने प्रयास गरे। प्रधानमन्त्रीको भनाइमा, एमसीसी र यति होल्डिङ्स दुवैसँग सरकारले गर्न लागेको सम्झौताले देश अगाडि बढ्नेछ । एमसीसी पारित हुन ढिलाई हुँदा अनावश्यक हल्ला भएको प्रधानमन्त्री ओलीको प्रष्टिकरण छ भने यतिलाई जग्गा लिजमा दिएर देशकै ढुकुटी बढाउने काम गरिएको छ।

उद्‌घाटन सत्र लगत्तै अध्यक्ष द्वय ओली र पुष्पकमल दाहालले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन माथि छलफल हुनेछ।२०७७ चैत २५–३० सम्म महाधिवेशन गर्ने प्रस्ताव सहित आएको राजनीतिक प्रतिवेदनले सैद्धान्तिक विषय बारेको बहसलाई पनि खुला गरेको छ। उद्‌घाटन सत्रको संकेत हेर्दा समसायिक राजनीतिक विषयलाई भने तत्काललाई विषयान्तर गरिने संभावना बढेको छ। किनभने, अध्यक्ष ओलीको आग्रह युक्त सम्बोधनले धेरै केन्द्रीय सदस्यहरूको मन शान्त भएको हुनुपर्छ । तर, जनवादी केन्द्रीयतामा विश्वास गर्ने नेकपामा केन्द्रीय सदस्यहरूले केन्द्रीय कमिटी बैठकमा समेत फेरि पनि जनताको आवाज नभएर नेतृत्वकै निर्देशन मान्नतिर लाग्नुले समस्या हल हुँदैन।

नेतृत्व जोगाउन पनि केन्द्रीय सदस्यहरूले निर्मम भएर जनताको वास्तविक आवाज नेतृत्वसम्म पुऱ्याउनु अहिलेको कार्यभार हो। एमसीसी अथवा यति होल्डिङ्स त प्रतिनिधि घटना मात्रै हुन्, वास्तविकता भने जनताको भावना बिपरीत नजानु नै नेकपा र सरकारको समेत दायित्व हो। नेतृत्वलाई जवाफदेही र उत्तरदायी बनाउने एउटा शक्तिशाली निकाय केन्द्रीय कमिटी बैठक नै हो। त्यसैले जनताका जल्दोबल्दो विषयबारे प्रष्ट जवाफ खोजिनु केन्द्रीय सदस्यहरूको कार्यभार पनि हो।

## सामाजिक सञ्जाल



विपक्षी दलका साथीहरू र कतिपय 'विद्वानहरू' नेकपाको सरकारलाई 'अधिनायकवादी' को आरोप लगाउनुहुन्छ। छातीमा हात राखेर भन्नूस् त– सरकार साँच्चै 'अधिनायकवादी' भएको भए तपाईंहरू यसरी जथाभावी भन्दै हिंड्न पाउनुहुन्थ्यो होला ?

- विष्णु रिजाल




गम्भीर कुरामा ठट्टा गर्नु राम्रो हुँदैन।
चुनावमा 'धक्का' खाएको पार्टीको नेता 'धक्का' शब्द सुन्ने बित्तिकै तर्सिन्छ।

– अशोक



सामाजिक सञ्जालमा आस्था राउतले भन्दा कडा शब्दमा गालि गर्नेहरू पनि छन्। राज्यले अनावश्यक शक्तिको प्रयोग गर्यो कि भन्ने लाग्छ । कास यो जोस र जागर भष्ट्रचार, र अपराधी पत्ता लगाई कार्वाही गर्ने पट्टी लगाएको भय सुखी नेपाली समृद्ध नेपाल खोज्न कहाँ जानुपर्थ्यो र ?

– बालकृष्ण सुवेदी



लाइसेन्सको परीक्षा जुन भाषामा लिने हो दिन तयार हो। पढेर पत्रकारिता गरेको हो थोडी अरू केही गर्न नसकेर यता लागेको हो र ? हामी त अरू केही गर्न नसकेर पत्रकार हुन आको जस्तो गर्छन् त मान्यवरहरू। एक दुइ वटा सर्टिफिकेट त छ।

– प्रविण विक्रम

# मध्यान्हको वार्षिकी र सन् २०१९ का चर्चित घटना



■ हरि लम्साल

> जापानका सम्राट नारूहितोले अक्टोवर २२ मा औपचारिकरूपमा राज्यारोहण गरे। पिता अकिहितोले राजगद्दी छाडेपछि ५९ वर्षीय नारूहितो गत मे १ मा जापानको सम्राट घोषणा भएका थिए।

मध्यान्ह दैनिकको मार्षिकोत्सव श्रीपञ्चमीका दिन पर्ने र यसै उपलक्षमा यो वर्ष भरीको विश्वका चर्चित घटनालाई लिएर यस लेखमा समावेश गरिएको छ।

समय परिवर्तनशील छ। सेकेण्ड, मिनेट, घण्टा, दिन र महिना हुँदै वर्ष भएर समय बितेको पत्तै हुँदैन। चक्रमै निरन्तर घुमिरहने समय हिजो-आज हुँदै बिगत बनेर जान्छ। तर, त्यही कालखण्डमा भएका विभिन्न घटना-परिघटना इतिहास बनेर रहन्छन्। सन् २०१९ को क्यालेण्डर फेरिएर २०२० आएको छ। बितेर गएको वर्ष २०१९ मा विश्वमा विभिन्न राजनीतिक घटना-परिघटना भए, जसले विश्वको ध्यान केन्द्रीत गऱ्यो । कतिपय मुलुकले विद्रोह, आतंक, भय र त्रासको वातावरण व्यहोर्नुपऱ्यो भने कतिपय मुलुक शान्ति स्थापनार्थ प्रयासरत् रहे । यसरी थुप्रै सुखद् तथा दुःखद् घटना-परिघटना छाडेर बिदाइको तरखरमा रहे । सन् २०२० सबैका लागि शान्ति, एकता, स्थिरता, सुख र समृद्धिको वर्ष बन्न सकोस, हाम्रो शुभकामना छ।

विश्वकै शक्तिशाली राष्ट्र संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प विभिन्न कारणले चर्चाको केन्द्रमा रहे । उत्तर कोरियासँग चिसिएको सम्बन्धमा सुधार ल्याउने प्रयासस्वरुप अघिल्लो वर्षदेखि चरणबद्ध वार्ता भए पनि यो वर्ष फेब्रुअरीमा भियतनाममा भएको अमेरिका-उत्तर कोरिया वार्ता असफल बन्न पुग्यो। विश्व राजनीतिमा अमेरिका र चीनबीचको व्यापार युद्ध, बेलायतको प्रधानमन्त्रीमा बोरिस जोन्सनको नियुक्ति, युरोपेली संघबाट बेलायत बाहिरिने विषयसाथै बेलायतको आमनिर्वाचन पनि चासोका विषय बने । वातावरण परिवर्तनविरुद्ध भएको पेरिश सम्झौताबाट अमेरिका बाहिरिनु, भारतद्वारा जम्मु-कश्मीरको विभाजन र नयाँ नक्सा सार्वजनिकसाथै आतंकवादी संगठन आईएसका प्रमुख नेताको मृत्युले पनि चर्चा पायो । अफ्रिकी मुलुक कंगोमा फैलिएको दादुराको महामारी र इबोला संक्रमणसाथै इबोला संक्रमणविरुद्ध लड्न ल्याइएको नयाँ खोपको प्रयोग पनि चासोका विषय बने। यसै वर्ष इण्डोनेशिया, अल्वानिया, अष्ट्रेलिया, क्यालिफोर्निया, पेरु आदि मुलुकले शक्तिशाली भूकम्पको सामना गर्नुपऱ्यो भने बहमास, फिलिपिन्स, जापानलगायतका केही मुलुकले शक्तिशाली आँधीको समेत सामना गर्नुपऱ्यो।

जलवायु परिवर्तनसम्बन्धी महत्वपूर्ण सम्झौताबाट अलग हुन अमेरिकाले चालेको कदमले विश्व तरंगित हुन पुग्यो । जलवायु परिवर्तनविरुद्ध ऐक्यबद्धता कायम राख्ने भन्दै फ्रान्सको राजधानी पेरिशमा विश्वका १ सय ८८ राष्ट्रले सन् २०१५ डिसेम्वर १२ मा एउटा सम्झौता गरेका थिए। उक्त सम्झौतामा सहभागी अमेरिका र अन्य १ सय ८७ राष्ट्रले विश्वव्यापी तापमान बृद्धि दुई डिग्रीभन्दा कममा सीमित राख्ने सहमति जनाएका थिए । सम्झौतामा अमेरिकाले सन् २०१६ को अप्रिल २२ मा हस्ताक्षर गरेको थियो। तर, सो सम्झौताका कतिपय प्रावधानबाट आफ्नो देशलाई अनावश्यक आर्थिक भार परेको भन्दै अमेरिकी राष्ट्रपति ट्रम्पले सन् २०१७ मा आफू निर्वाचित भएलगत्तै यसबाट बाहिरिने घोषणा गरेपछि युरोपेली संघलगायत सम्झौताका पक्षधरले ट्रम्पलाई निर्णय परिवर्तन गराउन लागिपरेका थिए । सम्झौताका कारण अमेरिकी अर्थतन्त्रमा ३० खर्ब डलरको नोक्सानी भएको तथा ६५ लाखले रोजगार गुमाएको ट्रम्पको दावी छ । अन्ततः अमेरिकाले जलवायु परिवर्तनसम्बन्धी पेरिश सम्झौताबाट अलग भएको विषयमा नोभेम्वर ४ मा संयुक्त राष्ट्रसंघलाई आधिकारिकरुपमा पत्राचार गरेको छ। तर, अमेरिकालाई सम्झौताबाट पूर्णरुपमा अलग हुन भने एक वर्ष लाग्नेछ।

चरमपन्थी इश्लामिक संगठन इश्लामिक स्टेटस् (आईएस) समूहमाथि अमेरिकी विशेष फौजले गरेको कारबाहीका कारण सिरियाको इडिलवमा आईएसका प्रमुख नेता अबुवकर अल बग्दादीको मृत्यु भयो । अमेरिकी ट्रम्पले अक्टोवर २७ मा अतिवादी समूह आईएसका प्रमुख नेता अबुवकर अल बग्दादीको मृत्यु भएको घोषणा गरेका थिए। अमेरिक हवाई सेनाको आक्रमणबाट जोगिन सुरुङभित्र छिरेका बग्दादीले भेष्ट बम विस्फोट गराई आत्महत्या गरेका थिए। बग्दादीको नेतृत्वको आईएस समर्थकले युरोप र अमेरिकी भू-भागमा आक्रमण गर्दै आएका थिए । विश्वकै सर्वाधिक खोजी गरिएको व्यक्तिको सूचीमा रहेका बग्दादीलाई सन् २०११ अक्टोवरमा अमेरिकाले आधिकारिकरुपमा आतंककारी घोषणा गर्दै उनलाई पक्राऊ गर्ने व्यक्तिलाई दुई करोड ५० लाख डलरको पुरस्कार घोषणा गरेको थियो । उता बग्दादीको मृत्युपछि आईएसले अबु इब्राहिम अल कुरैसीलाई प्रमुख नेता छानेको छ।

श्रीलंकाको राजधानी कोलम्बोस्थित तीन गिर्जाघर र चार ठूला पर्यटकीय होटलसहित आठ स्थानमा श्रृंखलाबद्ध विस्फोट भए । गत अप्रिल २१ मा भएको उक्त घटनामा परेर दुई सय सातको मृत्यु भयो भने चार सय ५० भन्दा बढी घाइते भए । कोलम्बोको कोच्चिकाडे जिल्लास्थित सेन्ट एन्थोनी चर्च, पश्चिमीतटीय शहर नेगम्बोको प्रख्यात सेन्ट सेवास्टियन चर्च, पूर्वीतटीय शहर वाट्टीकालोबाको जियोन चर्च तथा कोलम्बोका तीन ठूला होटल सांग्रिला, किडसवरी र सिनामन ग्राण्ड, देहीबालाको एउटा होटल तथा देमातागोडाको एउटा घरमा विस्फोट भएको थियो । उक्त विस्फोटमा ३५ विदेशी नागरिक मारिएका थिए भने श्रीलंकामा १० वर्षअघि भएको गृहयुद्धको समाप्तिपछि भएको यो सबैभन्दा ठूलो विस्फोट हो । यसैगरी राष्ट्रपतीय निर्वाचनमा पनि दाजु-भाइ राष्ट्रपति र प्रधानमन्त्री बन्न सफल रहे।

हङकङमा गत जून महिनायता भइरहेको विरोध प्रदर्शन वर्षको अन्त्यसम्म आइपुग्दा पनि जारी रह्यो । हङकङका सडकमा लाखौं प्रदर्शनकारीको सहभागितामा भइरहेको विरोध प्रदर्शनका क्रममा हालसम्म दुईजनाको मृत्यु भएको छ भने दुई हजार छ सयभन्दा बढी घाइते भएका छन् । यसैगरी छ हजारभन्दा बढी प्रदर्शनकारी पक्राऊ परेका छन् । सरकारले गत जून महिनामा विवादास्पद सुपुर्दगी विधेयक पारित गराउने तयारी गरेपछि शुरु भएको विरोध प्रदर्शन पछिल्ला दिनमा विधेयकको खारेज तथा हङकङकी कार्यकारी प्रमुख क्यारी लामको राजीनामामा केन्द्रीत भयो । सन् १९९७ सम्म बेलायतको उपनिवेश रहेको हङकङ हाल ' एक देश, दुई प्रणाली' अन्तर्गत शासित छ । यो विरोध प्रदर्शनको असर हङकङमा भएको जिल्ला परिषद्को निर्वाचनमा पऱ्यो । नोभेम्वर २४ मा भएको निर्वाचनमा हङकङका १८ मध्ये १७ जिल्लामा लोकतन्त्र पक्षधरको पकड रह्यो। ३ सय ४७ स्थानमा जिते भने बेइजिङ्ग समर्थक उम्मेदवार ६० स्थानमा मात्र विजयी भए । यो चुनावी नतिजाले चीनका लागि खासै फरक नपर्ने बताइएको छ।

जापानका सम्राट नारुहितोले अक्टोवर २२ मा औपचारिकरुपमा राज्यारोहण गरे। पिता अकिहितोले राजगद्दी छाडेपछि ५९ वर्षीय नारुहितो गत मे १ मा जापानको सम्राट घोषणा भएका थिए । सन् १९९० मा राज्यारोहण गरेका जापानका पूर्वसम्राट अकिहितोले स्वास्थ्यको कारण देखाउँदै राजगद्दी त्याग गरेका थिए। उनी दुई सय वर्षयता स्वास्थ्यका कारण राजगद्दी त्याग गर्ने पहिलो सम्राट हुन्। राज्यारोहणमा विश्वका चर्चित राजकुमार तथा राष्ट्रपतिहरूको उपस्थिति थियो । क्यानडामा अक्टोवर २१ मा संघीय निर्वाचनमा प्रधानमन्त्री जस्टिन टुरुडोको लिवरल दलले कूल ३ सय ३८ मध्ये १ सय ५७ स्थानमा जित हासिल गरी प्रधानमन्त्री बन्न सफल भए । उनले नोभेम्वर २० मा गठबन्धन सरकार गठन गरे भने विपक्षी दल कन्जरभेटिभले १ सय २१ स्थानमा जितेको थियो। टुरुडोले क्यानडामा ३५ वर्षयता बनेका सरकारले गरेका चुनावी प्रतिबद्धता सबैभन्दा बढी प्रतिशत थियो। म्यान्मामा आङसाङ सुकी अन्तर्राष्ट्रिय अदालतमा पुऱ्याइएकी छिन् भने फिनल्याण्डमा ३४ वर्षीय साना मरिन प्रधानमन्त्री बने।

जापानले यस वर्ष ६ दशकयताकै शक्तिशाली आँधी हगिविसको सामना गर्नुपऱ्यो। अक्टोवर १२ मा आएको शक्तिशाली आँधी एक सय ९५ किलोमिटर प्रतिघण्टाको गतिमा आएका कारण भएको भीषण वर्षा-बाढीले धेरै धनजनको क्षति गऱ्यो । आँधीका कारण ९५ जनाको मृत्यु र सातजना बेपत्ता भए भने ९० हजारभन्दा बढी घरमा विद्युत् आपूर्ति बन्द, सयौं उडान रद्द तथा रेल सेवा बन्द, ५० हजारभन्दा बढी विस्थापित र १५ बिलियन अमेरिकी डलरबराबरको क्षति भएको छ।

बेलायती प्रहरीले विकिलिक्सका संस्थापक जुलियन असाञ्जलाई सात वर्षपछि पक्राऊ गऱ्यो। सन् २०१२ मा जारी अदालतको आदेशको आधारमा प्रहरीले उनलाई लण्डनस्थित इक्वेडरको राजदूताबासबाट अप्रिल ११ मा पक्राऊ गरेको थियो। बेलायती राजनीतिक परामर्शदाता कम्पनी क्याम्ब्रिज एनालिटिकाले करोडौं फेसबुक प्रयोगकर्ताका व्यक्तिगत तथ्याङ्क दुरुपयोगको विषयमा अनुसन्धान गर्ने भन्दै फेसबुकले सेप्टेम्वर २० मा दशौं हजार एप निलम्वन गऱ्यो । फेसबुकलाई गत जुलाइमा अमेरिकाको संघीय व्यापार संघले पाँच अर्ब डलर जरिवाना गरेको थियो।

भारतले जम्मु-कश्मीरका लागि संविधानमा गरिएको विशेष व्यवस्था खारेज गर्न भारतीय राष्ट्रपति रामनाथ कोविन्दको आदेशबाट नयाँ प्रदेश बनाउने गरी अगष्ट ५ मा संविधानको धारा ३७० खारेज गऱ्यो । उक्त धारा खारेज भएसँगै जम्मु-कश्मीर छुट्टै राज्य नभई केन्द्रशासित प्रदेश भएको छ भने यसलाई लद्दाखलाई छुट्याएर अलग्गै केन्द्रशासित राज्य बनाइएको छ । सन् १९४७ मा भारत र पाकिस्तान स्वतन्त्र भएदेखि नै सिङ्गो कश्मीर क्षेत्र विभाजन भएको थियो। जम्मु-कश्मीर औपचारिकरुपमा दुईवटा केन्द्रशासित राज्यमा विभाजित भएसँगै भारतले सार्वजनिक गरेको नयाँ नक्सालाई लिएर पनि चौतर्फी विरोध भयो।

प्रधानमन्त्री मोदीले तीन तलाक कानून पारित गराउनु र नागरिकता कानून पारित गराएर शान्त पार्न खोज्नु तथा भारतको अयोध्यामा वर्षौं पुराना विवादित मुद्दामा फैसला सुनाएर आफ्नो वर्चस्व कायम गरिएको छ । खासगरी भारतसँग सीमा जोडिएको पाकिस्तान, नेपाल र चीनसमेतले भारतले सार्वजनिक गरेको नयाँ नक्सामा आफ्नो भूमि समेटिएको भन्दै विरोध गरेका छन्। यसैगरी भारतले नयाँ नक्सामा नेपालको कालापानी, लिपुलेक, लिम्पियाधुरालगायतका भू-भागसमेत समेटेपछि नेपालमा समेत चर्को विवरोध भएको छ।

E-mail : agrimoverseas123@gmail.com, Website: www.agrimoverseas.com.com

## QATAR मा रोजगार

कम्पनी : QD FOR OPERATION & MAINTENANCE W.L.L. शहर : DOHA
पूर्व स्वीकृत मिति: २०७६/१०/१५ चलानी नं.: ६०१५०८०१ LT. No.: 230971

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 40 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३४,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrical Technician | 10 | 0 | | 1300 | ४०,६४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २३ गते (6 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Asiapower Recruitment Consultants Pvt. Ltd.
ASIAPOWER
Govt Lic No. 1198/073/074
P.O.Box: 24384, Basundhara, Kathmandu, Nepal
Tel : 4016618, 4016797, Mob.: 9851131564, 9851065493
E-mail : asiapowernepaljob@gmail.com

# बक्स अफिस समाचार

## जन्मदिनमै विल्सनलाई पुत्रलाभ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ माघ

विल्सन विक्रम राईलाई पुत्रलाभ भएको छ । बिहान १० बजेर ३० मिनेट जाँदा राई दम्पतीलाई पुत्रलाभ भएको हो । चर्चित हाँस्यकलाकार राई 'तक्मे बुढा'को बुधबार जन्मदिन समेत हो । सन् १९८७ जनवरी २९ तारिखमा जन्मिएकाले उनले आफ्नो जन्मदिनको दिन उपहार स्वरुप छोरा पाएकोमा खुसी व्यक्त गरे ।

विल्सनले गत वर्षको फागुनमा झापाकी सरिना लामासँग मागी विवाह गरेका थिए ॥ बुधवार दिउँसो सामाजिक सञ्जाल फेसबुकमा छोरा बोकेको दुईवटा तस्विर साझेदार गर्दै कलाकार विल्सनले आफ्नो जन्मदिनको सबैभन्दा मुल्यवान उपहार रहेको भन्दै खुसी साटेका छन् । उनले खुसी हुँदै लेखेका छन्- ' जीवनको नयाँ चक्र सुरु भएको छ। दुनियाँमा तिमीलाई स्वागत छ मेरो सानो परी बेबी हिरो ।' बुधबार बुबा बनेपछि उनले अब जीवनमा थप जिम्मेवारी बढेको महसुस भएको बताए ।



विल्सनले आफू बुबा बन्दा जीवनकै सकसपूर्ण ३० मिनेट समय बिताउनुपरेको अनुभव पनि बताएका थिए । 'बुबा बन्नअघिको करिब ३० मिनेटको समय मलाई धेरै गाह्रो भयो । श्रीमतीलाई अपरेसन थिएटरमा लगिएको समय मनमा अनेकौं कुरा खेल्ने रहेछ,' विल्सन खुसीको भाव पोख्दै अनुभव सुनाए, 'फेरि म त महिलो पटक यस्तो व्यवहारमा परेकाले गाह्रो भयो। अन्ततः आमा र बच्चा दुवै स्वस्थ रहेको खबरले पूर्ण खुसी बनायो ।' आधा घन्टाको सकसपूर्ण पर्खाइपछि उनले छोराको बुबा बनेको थाहा पाए । त्यो खुसी व्यक्त गर्ने उनीसँग कुनै शब्द छैन। 'यो बुबा बन्दाको खुसी अलि फरक हुने रहेछ। अहिले मसँग कुनै शब्द नै छैन कि यसको खुसी कसरी व्यक्त गरौं ।'

छोरालाई हातमा बोकेका विल्सन निकै खुसी मुद्रामा देखिएका छन् । बुधवारबाट ३४औं वर्षमा लागेका विल्सनले सरिनासँग विवाह गरेको ७ महिनापछि विवाहको जानकारी दिएका थिए । उनीहरु स्कुल जीवनदेखि नै एकअर्कासँग नजिक थिए । विल्सनका लागि जन्मदिन अझ खास बन्दैछ । बुधवार दिउँसो उनी अभिनीत नयाँ फिल्म 'सेन्टी भाइरस' को ट्रेलर पनि सार्वजनिक भयो । यसकारण पनि उनका लागि ३४औं जन्मदिन विशेष बनेको छ ।

थुप्रै फिल्ममा अभिनय गरिसकेका विल्सन 'मेरी बाँस्सै' मा 'तक्मे बुढा' को भूमिका निभाएपछि चर्चामा आएका थिए । अहिले उनलाई वास्तविक नामले भन्दा ' तक्मे बुढा' नामले चिन्ने धेरै छन् । उनी अभिनीत पछिल्लो फिल्म ' कबड्डी कबड्डी कबड्डी' हो । फिल्ममा उनको अभिनय दर्शकले रुचाएका थिए । यसमा उनी धनकाजीको भूमिकामा थिए । यो फिल्म हिट भएको थियो ।

## 'सेन्टी भाइरस'मा राजनीतिक कथा



**काठमाडौं/मस-** सिताराम कट्टेल 'धुर्मुस' र कुञ्जना घिमिरे 'सुन्तली' स्टारर कमेडी फिल्म 'सेन्टी भाइरस' को अफिसियल ट्रेलर सार्वजनिक भएको छ । रामबाबु गुरुङ निर्देशित चलचित्रको ट्रेलरमा राजनीतिक कथा देखिन्छ । बुधवार राजधानीमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको ट्रेलर हेर्दा फिल्म समसामयिक राजनीतिक विषयवस्तुमा निर्माण भएको बुझ्न सकिन्छ । ट्रेलरमा केही पञ्चलाइनहरु गजबका छन् ।

फरक पार्टीमा आबद्ध श्रीमान (सिताराम कट्टेल) र श्रीमती (कुञ्जना घिमिरे) बीचको नोकझोंकलाई ट्रेलरमा विशेष स्थान दिइएको छ । फिल्ममा सिराताम एक पार्टीमा दत्तचित्त भएर लागेको नेताको भूमिकामा छन् । भने, कुञ्जना आफ्नो पिता (राजाराम पौडेल) को पार्टीलाई समर्थन गर्दै देखिएकी छन् । दयाहाङ राई, विल्सन विक्रम राई, वुद्दि तामाङलाई पनि ट्रेलरमा देख्न सकिन्छ ।

सुबिहानी फिल्मस् प्रा.लि.को ब्यानरमा निर्मित यस फिल्ममा शंकर थापा स्माइल, राजनराज सिवाकोटी र कालीप्रसाद बाँस्कोटाको संगीत छ । दुई करोडको लागतमा बनेको फिल्मको निर्माण डिन्डु लामा ह्योल्मोले गरेका हुन् । फिल्मका सह-निर्माता फूर्पा लामा हुन् । कुमार कट्टेल र दीपक आचार्यले लेखेको कथामा बनेको फिल्मको आम्दानीको ५० प्रतिशत चितवनमा निर्माण भैरहेको 'क्रिकेट रंगशाला' निर्माणमा खर्च गरिने बताइएको छ ।

आफू निर्मित तथा अभिनित चलचित्र 'सेन्टी भाइरस'को ट्रेलर रिलिज कार्यक्रममा कलाकार तथा सामाजिक अभियन्ता सिताराम कट्टेल भावूक देखिए । विशेषगरि, चलचित्र निर्माण गरेपनि खासै समय दिन नसकेको भन्दै उनले आफूले हरेक समय रंगशाला मात्र देख्ने गरेको सुनाए ।

उनले भने, 'म ६ बर्षदेखि आफ्नो पेशा, घर परिवार, सानी छोरी सबै छाडेर बिहान ४ बजेदेखि बेलुकी ११ बजेसमम देशका लागि खटिरहेको छु । मैले कला क्षेत्रको प्रतिनिधित्व गरेको छु । कैयौ रात सुतेको छैन, कैयौ रात खाएको पनि छैन ।' सितारामले अगाडि भने, ' अबको ४ महिनापछि रंगशालाको आकार हेरेर कला क्षेत्रले गर्व गर्छ भन्ने लाग्छ । यो रंगशाला कला क्षेत्रले बनाएको हो भन्दा हामी सबै खुशी हुन सक्छौ भन्ने लाग्छ । हामीले यति धेरै काम कला क्षेत्रको प्रतिनिधित्व गर्दै गरिरहेका छौ ।'

उनले फिल्म हेर्न काटेको टिकटको रकम रंगशाला निर्माणमा सहयोग हुने भएका कारण सम्पूर्ण नेपालीलाई फिल्म हेर्न आग्रह गरे । कुञ्जनाले भने 'सेन्टी भाइरस' बाट आफ्नो बाल्यकालदेखिको अभिनेत्री बन्ने सपना पूरा भएकोमा खुसी व्यक्त गरिन् ।

## 'दि कर्मा' को च्यारिटी शो

**काठमाडौं/मस-** 'दि कर्मा' को च्यारिटी शो सम्पन्न भएको छ । यही शुक्रबारबाट देशभर प्रदर्शनमा आउन लागेको चलचित्रको मंगलबार विग मुभिजमा च्यारिटी शो आयोजना गरिएको हो । नेपाल चलचित्र कलाकार संघको सहयोगमा गरिएको उक्त प्रदर्शनीबाट संकलित सम्पूर्ण रकम कलाकार संघलाई प्रदान गरिएको निर्माता जय राज रायले बताए ।

एक्सन लभस्टोरी जनरामा निर्मित फिल्मको च्यारिटी शोमा निर्देशकदेखि कलाकारहरु सम्पूर्ण उपस्थित भएका थिए । अभिनेत्री परमिता आरएल राणा आफ्नो अभिनयको प्रशंसा गरेकोमा सबैलाई धन्यवाद दिइन् । फिल्मका अर्का कलाकार वुद्दि तामाङले पनि आफ्नो अभिनय रुचाइएकोमा खुसी व्यक्त गरे । त्यस्तै, फिल्मका निर्देशक देवकुमार श्रेष्ठले चलचित्र कलाकार संघका लागि च्यारिटी शो गर्न पाएकोमा खुसी लागेको बताए ।




चलचित्र कलाकार संघका अध्यक्ष रविन्द्र खड्काले फिल्ममा केही कमी कमजोरी भए पनि दर्शकलाई निराश भने नबनाउने दाबी गरे फिल्मका प्रमुख अभिनेता करण वर्मालाई हेर्नकै लागि पनि हलमा दर्शक आउने विश्वास व्यक्त गरे । करणले नेपाली फिल्ममा आफूलाई बलशाली अभिनेताको रुपमा उभ्याउने उनी बताउँछन् । उनले निर्देशकको काम पनि राम्रो रहेको बताए ।

अभिनेत्री रेजिना उप्रेतीले आफूलाई फिल्म राम्रो लागेको प्रतिक्रिया दिइन् । 'जस्तो कर्म गर्‍यो त्यस्तै फल पाइन्छ' भन्ने सन्देश दिन खोजिएको फिल्मले दर्शकलाई भरपूर मनोरञ्जन दिने उनले बताइन् । फिल्मका निर्माता जयराज रायले चलचित्र कलाकार संघको सहयोगार्थ आयोजना गरिएको च्यारिटी शोमा फिल्मकर्मीबाट पाएको सकारात्मक प्रतिक्रियाले एकदमै खुसी लागेको बताए ।

उनले कलाकार संघले आर्थिक सहयोग जुटाउन खोजिरहेको थाहा पाएपछि आफूले फिल्म च्यारिटीलाई दिने निधो गरेको बताए । निर्माता जयराज रायले थपे, 'म आँफै पनि निर्माता तथा कलाकार भएकोले पनि सहयोगको कुरा आएपछि हामीले च्यारिटीलाई फिल्म दिएका हौं । 'दि कर्मा' को यो च्यारिटीबाट संकलित सम्पूर्ण रकम हाम्रो टीमले कलाकार संघलाई नै प्रदान गरेको छ' ।

त्यस्तै, अर्का निर्माता श्रीदेव बि.एल.ले फिल्म हेरेर दिग्गज कलाकारहरु सबैले राम्रो प्रतिक्रिया दिएको बताए । फिल्मको कथा निर्माता राय आँफैले लेखेका हुन् । राय र श्रीदेवसँगै निशा खतिवडा निर्माता रहेको फिल्ममा शारदा खड्का अर्याल सह निर्माताको रुपमा छन् । फिल्ममा परमिता, बुद्दी र जयसँगै करण वर्मा, नीता ढुंगाना, संगीता नापितलगायतका कलाकारहरुको अभिनय रहेको छ ।

## निफमा हलिउड निर्माताले वर्कशप दिने

**काठमाडौं/मस-** नेपाल इन्टरनेसनल फिल्म फेस्टिभल (निफ)को तेस्रो संस्करणमा हलिउड फिल्म मेकरले डिजिटल स्ट्रिमिङ सम्बन्धी वर्कसप दिने भएका छन् । 'फिल्ममेकिङ इन एन एज अफ स्ट्रिमिङ' शीर्षकमा नेपाल फिल्म एन्ड कल्चरल एकेडेमीको आयोजनामा फागुनको १ देखि ५ गतेसम्म काठमाडौंको राष्ट्रिय सभागृहमा हुने वर्कसपमा हलिउडसँगै नेपालका फिल्म मेकरले पनि आफ्नो अनुभव सेयर गर्नेछन् ।

निफका निर्देशक केपी पाठकले हलिउडबाट ल्यारी कासानोफ, ज्याक स्टेन्ज र जोयलोन होफ आउने पक्का भएको बताए । ल्यारी कोफले हलिउडमा 'ट्रु लाइज', 'टर्मिनेटर २', 'जजमेन्ट डे', 'मोर्टल कम्ब्याट' जस्ता बहुचर्चित फिल्म निर्माण गरेका छन् भने लेखकसमेत रहेका ज्याक स्टेन्जले 'एक्स मेनः फस्ट क्लास', 'थोर', 'कोडी ब्यांक्स' आदि फिल्म निर्माण गरेका छन् । जोयलोन होफ भने नेटफ्लिक्स, पारामाउन्ट पिक्चर्स र ड्रिमवर्कमा स्टुडियो एक्जुकेटिभको रुपमा काम गरेका व्यक्ति हुन् । उनीहरु तीनै जनाले स्ट्रिमिङ साइटका बारेमा जानकारी दिने निर्देशक पाठकले बताए । 'स्ट्रिमिङ साइटलाई केन्द्रमा राखेर तीनैजनाले विश्वको अनुभव नेपाली फिल्ममेकरलाई बाँड्नु हुनेछ । नेपालमा सक्रियतापूर्वक काम गरिरहेका लेखक, निर्माता, निर्देशकले यो वर्कसपबाट धेरै फाइदा लिनुहुनेछ भन्ने विश्वास छ,' पाठकले प्रेस रिलिज जारी गर्दै भनेका छन् ।

दिनभर चल्ने वर्कसपमा ज्याक स्टेन्जले पटकथा लेखनको छोटो कक्षासमेत लिनेछन् भने एउटा सेसनमा निश्चल बस्नेत, नकिम उद्दिन र नम्रता श्रेष्ठ स्थानीय फिल्म विश्व बजारमा पुग्न खेपिरहेका चुनौतीका बारेमा हलिउडका फिल्ममेकरसँग बहसमा सहभागी हुनेछन् । दिनभर चल्ने सबै सेसनलाई फिल्ममेकर किरणभक्त जोशीले सहजीकरण गर्नेछन् । जोशी हलिउड स्टुडियो वाल्ट डिज्नेमा टेक्निकल डाइरेक्टरको रुपमा काम गरेका फिल्ममेकर हुन् । हलिउड फिल्ममेकरको सेसन भने राष्ट्रिय सभा गृहमा नभइ लाजिम्पाटको र्‍याडिसन होटलमा हुनेछ । वर्कसपमा सहभागी हुन चाहने फिल्मकर्मीले पहिले नै नाम दर्ता गर्नु पर्नेछ ।

बधाई तथा शुभकामना
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
खगेन्द्र प्रसाद उप्रेती
प्रवन्ध निर्देशक
तथा
VOLTECH
भोल्टेक ह्युमन रिसोर्स प्रा. लि.
परिवार
कालिमाटीडोल-९, सिनामंगल, काठमाडौं, फोन: ४४७५५९२

हार्दिक बधाई
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
कृष्ण पौडेल
प्रवन्ध निर्देशक
तथा
वर्ल्डवाइड ह्युमन रिसोर्स नेटवर्किङ प्रा.लि.
परिवार
बतिसपुतलि, काठमाडौं, फोन : ४४७०४५७

हार्दिक बधाई !
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
पुष्प ओली
प्रवन्ध निर्देशक
तथा
PAS
पास इन्टरनेशनल प्रा. लि.
परिवार
पास हाउस, सामाखुसी काठमाडौं, फोन नं.: ४३८१३३२

# ए डिभिजन लिग-संकटामाथि मनाङको जित

मध्यान्ह संवाददाता
काठमाडौं, १५ माघ

शहीद स्मारक ए डिभिजन लिग फुटबल प्रतियोगितामा साविक विजेता मनाङ-मर्स्याङ्दी क्लबले सङ्कटा क्लबलाई पराजित गरेको छ । ललितपुरको सातदोबाटोस्थित एन्फा (अखिल नेपाल फुटबल सङ्घ) कम्प्लेक्सको मैदानमा बुधबार भएको खेलमा मनाङले सङ्कटालाई ३-० गोलअन्तरले पराजित गरेको हो ।



मनाङले खेलको ४२औँ मिनेटमा सङ्कटाका खेलाडी अमित तामाङको आत्मघाती गोलबाट शुरुआती अग्रता बनायो । अञ्जन विष्टको हेड बल क्लियर गर्ने क्रममा अमितले आफ्नै पोस्टमा गोल गर्दै मनाङलाई पहिलो अग्रता दिलाएका थिए ।

अमितले गोल गरेको एक मिनेट पनि बित्न नपाउँदै मनाङका अञ्जन विष्टले एक गोल थपे । उनले खेलको ४३औँ मिनेटमा गोल गरेका थिए । त्यसैगरी मनाङका अर्का खेलाडी निशान लिम्बूले खेलको ७१औँ मिनेटमा गोल गर्दै मनाङलाई ३-० को सहज जित दिलाए । खेलमा मनाङका अञ्जन विष्ट म्यान अफ द म्याच घोषित भए ।

लिगमा नवौं खेल खेलेको मनाङले आफ्नो अपराजित यात्रालाई कायमै राखेको छ । मनाङले जारी लिगमा १९ अङ्क जोड्दै अङ्क तालिको तेस्रो स्थानमा ।

यस्तै समान नवौं खेल खेलेको सङ्कटाको १२ अङ्क रहेको छ । सङ्कटा अङ्क तालिकाको आठौं स्थानमा छ । बिहीबारको पहिलो खेलमा फ्रेण्डस क्लब र च्यासल युथ क्लबवीच हुनेछ भने दोस्रो खेल न्यूरोड टिम (एनआरटी)ले बिग्रेड ब्वाइज क्लबको सामना गर्नेछ ।

# ढोरपाटन डबल लिग भलिबल बिहीबारदेखि

**काठमाडौं,मस-**१५ औं संस्करणको सानमिगेल ढोरपाटन महिला डबल लिग भलिबल प्रतियोगिताको तयारी पुरा भएको छ । आयोजक ढोरपाटन स्पोर्ट्स क्लबका अध्यक्ष मनवीर छन्त्यालले बिहीबारदेखि शुरु हुने प्रतियोगिताको सम्पुर्ण तयारी पुरा भइकेको जानकारी गराएको छ । उनका अनुसार १५औं संस्करण २८ गतेसम्म चल्ने छ ।

प्रतियोगितामा १० टोलीले प्रतिस्पर्धा गर्नेछन् । यसपटक साविक विजेता नेपाल एपीएफ क्लब, होङ्ग्वान्नी न्यु डायमन्ड स्पोर्टस् क्लब, सामाखुशी इंग्लिस बोर्डिङ (सेब) स्कुल, बुलबुले रारा क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, पारामाउण्ट इंग्लिस बोर्डिङ स्कुल, चुली युवा क्लब, चितवन टाइग्रेस र आयोजक ढोरपाटन स्पोर्ट्स क्लबले प्रतिस्पर्धा गर्नेछन् ।

हरेक १० टोलीले एक अर्कासँग एक-एक खेल खेल्नेछन् । पहिलो राउन्ड २४ माघसम्म चल्नेछ ।





त्यसपछि दोस्रो राउन्ड हुनेछ । पहिलो राउन्डमा शीर्ष अंक जोड्ने ७ टोलीले दोस्रो राउन्डमा प्रवेश गर्नेछन् । दोस्रो राउन्डमा पनि सबै टोलीले एक अर्कांग समान १-१ खेल खेल्नेछ । बढी अंक जोड्ने टोली च्याम्पियन बन्ने छ ।

नयाँ बसपार्कस्थित ढोरपाटन क्लबको भलिबल कोर्टमा प्रतियोगिताको पहिलो दिन चार खेल हुनेछ ।

पहिलो खेलमा बुलबुले रारा र चुली युवा क्लबबीच प्रतिस्पर्धा हुनेछ । दोस्रो खेलमा आर्मी र सेब, तेस्रो खेलमा एपीएफ र चुली तथा अन्तिम खेलमा न्यु डायमन्ड र पारामाउण्टबीच प्रतिस्पर्धा हुनेछ ।

प्रतयोगितनको विजेताले ४ लाख ५ हजार रुपैयाँ हात पार्नेछन् । दोस्रो हुनेले २ लाख ५ हजार तथा तेस्रो हुनेले १ लाख ५ हजार पाउनेछन् ।

यस्तै चौथौ देखि सातौ सम्मले क्रमश ७५ हजार, ५५ हजार, ४५ हजार र ३५ हजार रुपैया पाउनेछन् ।

गतवर्ष जस्तै यो वर्ष पनि विभिन्न चार विधा (उत्कृष्ट खेलाडी, उदियमान, बर्ष खेलाडी र प्लेयर अफ द सिरिज) बन्ने खेलाडीले यु एम स्कुटर पाउनेछन् । त्यस्तै भाग्यशाली एक दर्शक र ग्रेट एचिभमेन्ट अवार्ड विजेतालाई एक एक थान मोटरसाइकल प्रदान गरिने आयोजकले जनाएको छ । व्यक्तिगत विधातर्फको विजेताले जनही ७ हजार रुपैयाँ हात पार्नेछन् ।

## ज्ञान निकेतनको दोश्रो जित



**काठमाडौं,मस-**आयोजक ज्ञान निकेतनले १९ औं ज्ञान निकेतन बास्केटबल प्रतियोगिताको प्लस टु ब्वाइजमा बुधबार दोश्रो जित हात पारेको छ ।

ज्ञान निकेतनले ट्रिनिटीलाई ६२-४४ ले पराजित गर्दै लगातार दोश्रो जित हात पार्‍यो । ज्ञान निकेतनका नयेन्द्र परियारले १७ अंक जोडे ।

प्लस टु ब्वाइजमै जेभियर इन्टरनेसनल कलेज, न्यु जेनिथ, रिलायन्स इन्टरनेसनल एकेडेमी, मोर्गन इन्टरनेसनल कजेज र नोबेल एकेडेमी विजयी भए । जेभियरले रोजबडलाई ६३-३२ को फराकिलो अन्तरले हरायो । विजयी टिमका लागि लियुश केसीले २० अंक जोडे । न्यु जेनिथले चाणक्यलाई ३५-२१ ले पाखा लगायो । न्यु जेनिथका अजय घलेले १३ स्कोर गरे । रिलायन्सले बर्न हार्टमाथि २२-२० को कठिन जित दर्ता गर्‍यो । रिलायन्सका लोकमान गुरुङले १४ अंक बटुले ।

त्यस्तै मोर्गनले इन्साइट भिजनलाई ३८-२४ ले पन्छायो । मोर्गनका प्रसिद्ध गुरुङले ११ अंक जोडे । ग्लेसियर विरुद्धको खेलमा नोबेल ३१-२२ ले विजयी भयो । नोबेलका आयुश भण्डारीले १४ स्कोर गरे ।

## बीबीएमको सहज जित

**काठमाडौं,मस-** विश्व विद्या मन्दिर (बीबीएम) ले नवौं फिजम कप अन्तरविद्यालय छात्र फुटबल प्रतियोगितामा बुधबार सहज जित हात पारेको छ । बीबीएमले दीपिकालाई ९-० को भारी गोलअन्तरले पराजित गर्‍यो । निशान तामाङले ह्याट्रिक तथा अजय राई र विवेक विडारीले समान २-२ गोल गरे । बाँकी गोल प्रवेश राई र प्रज्ज्वल राईले गरे । संस्थागत विद्यालय सञ्चालकहरुको मञ्च (फिजम) द्वारा आयोजित प्रतियोगितामा नेपाल तारा र होली क्रसले सफलता पाए ।

नेपाल ताराले ग्रामरलाई ७-० गोलअन्तरले हरायो । सुदिप पाखिनले ३ तथा आशिष नेपाल, लुक्पा शेर्पा, भुवन श्रेष्ठ र आशिष दाहालले समान १-१ गोल गरे । होलीक्रसले कम्यकलाई ५-० गोलले पाखा लगायो । पुजन तामाङ र अमित खड्काले समान २-२ तथा सन्जिव तामाङले १ गोल गरे ।

## भ्याली पब्लिक सफल

**काठमाडौं,मस-**भ्याली पब्लिकले सातौं एन्जल्स हर्ट कप अन्तरविद्यालय छात्र बास्केटबल प्रतियोगितामा बुधबार सफलता पाएको छ । भ्याली पब्लिकले नेपाल मोडेललाई २५-२३ ले पराजित गर्‍यो । ओडिसी इन्टर नेसनल एकेडेमीले दोहोरो जित हात पार्‍यो । ओडिसीले हार्टल्यान्डलाई २५-२० तथा फ्लोरोसेन्टलाई २१-१५ ले हरायो ।

अन्य प्रतिस्पर्धामा आयोजक एन्जल्स हर्ट 'ए' ले इबीएलाई ३०-२०, नेसनल युनाइटेडले ग्रिनल्यान्डलाई ३५-३०, फ्लोरोसेन्टले नवोदितलाई २०-१५ र बीएनएले आयोजक एन्जल्स हर्ट 'बी' लाई २०-१८ ले पाखा लगाए ।

UAE मा रोजगारको अवसर
Company : TRANSGUARD GROUP L.L.C., DUBAI
पूर्व स्वीकृत मितिः 2019/06/16 | चलानी नं.: 60140972 | L.T. No.: 221248
पून स्वीकृत मितिः 2020/01/29 | पून चलानी नं.: 722

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaner | 263 | 175 | सम्बन्धित काममा दक्ष | 800 | २४,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Warehouse Assistant Worker/Helper | 84 | 0 | | 1000 | ३०,९९० | | | | | | | |
| 3. | Special Handling Agent/Assignment | 49 | 50 | | 1200 | ३७,१९० | | | | | | | |

अन्तर्वार्ता एसियन पार्टी प्यालेस बुटवल, रूपन्देहीमा माघ २३ गते (6 Feb. 2020) मा लक्की सेभेन ट्रेनिङ सेन्टरर दमक, झापामा माघ २४ गते (7 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

The River Overseas (P.)Ltd.
श्रम ई. नं.:४०६/०६०/०६१
दि रिभर ओभरसिज प्रा. लि.
बत्तिसपुतली (होटल द्वारिकाजको पछाडीपट्टि), गौशाला, काठमाडौं
सम्पर्क : 01-4462431, 4462432
9801247242, 9801247239, 9801247214
ISO 9001:2000 CERTIFIED ORGANISATION
शाखा कार्यालयः इटहरी : 9808878945, पोखरा : 9802827786

साउदीमा रोजगार | १. कम्पनीः AL-SHALAWI INTERNATIONAL CO. TRADING & CONTRACTING | शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०७६/१०/१५ | चलानी नं.: ६०१५०७६६ | L.T. No.: 232089

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 20 | 0 | स. काममा दक्ष | 1000 | ३०,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनीः AL-SHALAWI INTERNATIONAL CO. TRADING & CONTRACTING | शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०७६/१०/१५ | चलानी नं.: ६०१५०७६७ | L.T. No.: 232090

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver Of All Road Mechanisms | 6 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ६०,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 60 | 0 | | 1000 | ३०,३४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २८ गते ( 11 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

S. P. M. OVERSEAS PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: 4487837, 4489795
Mob.: 9801063302, 9851071059
Email: spmoverseas@gmail.com, Web.: www.spmoverseas.com
Gov. Lic No. 817/066/067

मलेशियामा रोजगार | कम्पनीः KANGKAR RAYA BATU BATA S B | शहरः JOHOR
पूर्व स्वीकृत मितिः २०७६/१०/१५ | चलानी नं.: ६०१५०८१६ | LT. No.: 230765

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 30 | 0 | स. काममा दक्ष | 1200 | ३३,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २३ गते (6 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

SWIFT H.R. SOLUTION PVT.LTD
samakhushi-26- Kathmandu, Tel.: 01-4352852, 9851154618, 9860067074, 9801052384
9841533107, Email: Swifthr12@gmail.com, Web: www.swifthrsolution.com
श्रम इजाजत नं. ११९७/०७३/०७४

साउदीमा रोजगार | १. कम्पनीः INDUSTRIAL MACHINERY CONTRACTING EST | शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०७६/१०/१५ | चलानी नं.: ६०१५०७३७ | LT. No.: 231965

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farm Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३०,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनीः ABDULAZIZ A AJLAN TRANSPORTATION EST | शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०७६/१०/१५ | चलानी नं.: ६०१५०७३६ | LT. No.: 231963

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Drivers | 2 | 0 | स. काममा दक्ष | 1800 | ५४,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनीः SULAIMAN BIN ABDULLAH BIN HAMAD AL SHUABI TRADING EST | शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०७६/१०/१५ | चलानी नं.: ६०१५०७४१ | LT. No.: 231765

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loding Unloding Labour | 4 | 0 | स. काममा दक्ष | 1000 | ३०,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २३ गते (6 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. ३ को रु 10,000 अन्यको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

PUMORI OVERSEAS
श्रम इजाजत नं. ७६५/०६५/०६६
पुमोरी ओभरसिज प्रा. लि.
सुविधानगर, तिनकुने, काठमाडौं । फोनः ४१११८८५, ४१११८४१, फ्याक्सः ४१११७०५
info@pumorioverseas.com, www.pumorioverseas.com

कतारमा वैदेशिक रोजगारको अवसर | १. कम्पनी : PETROSERV LIMITED | शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७६/१०/१५ | चलानी नं.: ६०१५०७५६ | LT. No.: 231721

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Reinforce Fitter | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३४,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 10 | 0 | | 1100 | ३४,३८५ | | | | | | | |

२. कम्पनी : FAJITA'S MEXICAN GRILL | शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७६/१०/१५ | चलानी नं.: ६०१५०७५५ | LT. No.: 231722

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४६,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | waiter | 0 | 2 | | 1400 | ४३,७६५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २३ गते (6 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

स्काई स्टार रिक्रुटमेन्ट प्रा. लि.
पो. ब. नं.: १९१२२, फोन नं.: ०१-४४८१०००, ४४९५०००, रातोपुल-९, काठमाडौं, नेपाल
Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com
श्रम इजाजत नं. १०७८/०७३/०७४

नागरिक लगानी कोषद्वारा संचालित कार्यक्रममा सहभागी भई भविष्यलाई सुरक्षित बनाऔं

- कोषको प्रत्येक सहभागीलाई बार्षिक ९.५ प्रतिशत ब्याजदरमा घर/जग्गा धितो राखी घर मर्मत गर्न, फ्ल्याट्/ घर खरिद गर्न, घरको तला थप्न र नयाँ घर निर्माण गर्नको लागि कोषले तोकेको नगरपालिकाको बजार क्षेत्रमा बढिमा रु ४० लाखसम्म कर्जा दिन सकिने ।
- कर्मचारी वचत वृद्धि स्वीकृत अवकाश कोषमा सहभागी बचत कर्ताको दुर्घटनावस मृत्य' भएमा रु लाख सम्मको दुर्घटना बीमाको ब्यवस्था भएको ।
- कोषका सहभागीहरुलाई घरायसी, भैपरी आउने कामको लागि घर /जग्गा धितो राखेर सरल कर्जाको रुपमा सहभागीको आर्थिक, सामाजिक, साँस्कृतिक र पारिवारिक प्रकृतिका कार्यका लागि २० लाख रुपैया सम्म वार्षिक १०.०० प्रतिशत ब्याजमा लिन पाइने ।
- वचत गरेको २ आ.ब पछि वचत रकमको ८० प्रतिशत सापटी लिंदा बार्षिक ९ प्रतिशत ब्याजदर लाग्ने ।
- आयकर ऐन २०५८ अनुसार छुट सुविधा पाइने ।

नागरिक लगानी कोष
नयाँबानेश्वर, काठमाडौं ।
पोष्ट बक्स नं. ५८२३
फोनः ०१-४७८५३१९, ०१-४७८५३२५, फ्याक्सः ०१-४७८४९४५
ई-मेलः info@nlk.org.np वेभसाइटः www.nlk.org.np

वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।

Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

जस्तो सीप उस्तै रोजगार
मुख्य रुपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

म.क्षे.हु.नि.द.नं. ३३/०७४/०७५



# ओझेलमा भारतको रेमिट्यान्स



रोयल आचार्य

श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीको लागि नेपाली कामदार हरुको प्रमुख गन्तब्य खाडी मुलुकहरु नै रहेको छ । आर्थिक वर्ष २०७६/७७ को चार महिनाको तथ्याङ्कको आधारमा कुल रोजगारीमा जाने कामदारमध्ये ७५.३ प्रतिशत खाडी मुलुकमा गएको देखिन्छ ।

हिजो आज अर्थतन्त्रको कुरा गर्ने हो भने अर्थविद् हरुदेखि लिएर सामान्य नागरिकले समेत मुलुकको अर्थतन्त्र रेमिट्यान्सले धानेको भन्छन् । वर्षेनी भित्रिने खर्बौं रेमिट्यान्सले मुलुकको अर्थतन्त्रमा राम्रो प्रभाव पारेको छ भन्ने विषयमा शिक्षित नेपालीहरु जानकार छन् । गत वर्ष मलेसियाको रोजगारी रोकिदादेखि केहि समस्यादेखियो । कतिले अब रेमिट्यान्सको विकल्प खोज्नु पर्ने बताए त कतिले सरकारको नीतिले वैदेशिक रोजगारी गुमेको भन्दै सरकारका मन्त्रीको चर्को आलोचना समेत गरे ।

रेमिट्यान्स कहाँबाट भित्रिन्छ भन्ने वित्तिकै सामान्यतया मलेसिया, कतार, साउदी अरेविया लगायतका खाडी मुलुकबाट भन्ने बुझाई छ । तर छिमेकी मुलुक भारतबाट रेमिट्यान्स भित्रने क्रम पनि ठूलो छ जो ओझेलमा छ । जति खाडी मुलुकममा गएका छन् त्यो भन्दा कम छैनन भारतमा रोजगारीका लागि जाने । तर खुला सीमाना भएका कारणले सरकारले रेकर्ड राख्न नै अल्क्षी गरेको छ । सका कारण भारत कति नेपाली छन् भन्ने एकिन तथ्यांक अहिले पनि पाउन मुश्किल पर्छ ।

नेपाल राष्ट्र बैंकका अनुसार वैदेशिक रोजगारीको तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०५०/५१ मा ३,६०५ नेपालीलाई वैदेशिक रोजगारीका लागि स्वीकृति प्रदान गरिएकोमा यो संख्या क्रमशः वृद्धि हुँदै आर्थिक वर्ष २०७०/७१ मा अधिकतम ५,२७,८१४ पुगेको थियो । पछिल्ला वर्षहरुमा श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने कामदारहरुको संख्या घट्दै गएको देखिन्छ । आर्थिक वर्ष २०७५/७६ मा २,४३,८६८ जनाले यस्तो स्वीकृति लिएको देखिन्छ । हाल संस्थागत रुपमा नेपालले वैदेशिक रोजगारीका लागि ११० देशहरु खुल्ला गरेको छ भने ८ देशहरु ( कतार, यू.ए.ई., जापान, दक्षिण कोरिया, बहराइन, इजराइल, जोर्डन, र मलेशिया) सँग द्विपक्षीय श्रमसम्झौता गरेको छ । व्यक्तिगत श्रम स्वीकृतिमा १७२ मुलुकमा नेपालीहरु कामका लागि वैदेशिक रोजगारीमा गएको पाइन्छ । द्द वैदेशिक रोजगार खुला गरिएको मुलुकमध्ये दक्षिण कोरियामा सरकारी सम्झौता अनुरुप कामदार पठाइएको पाइन्छ । जापानसँग पनि रोजगारीको लागि न्द्दन मार्फत कामदार पठाउने श्रम सम्झौता गरिसकिएको छ भने उक्त सम्झौता कार्यान्वयनको क्रममा रहेको छ ।

| | मुलुक | कुल विप्रेषण (रु.अर्बमा) | अंश (प्रतिशतमा) |
|---|---|---|---|
| १ | कतार | ५३.९३ | १७.७ |
| २ | भारत | ४३.१६ | १४.२ |
| ३ | यूएई | ४०.८७ | १३.४ |
| ४ | साउदी अरेबिया | ३८.१५ | १२.५ |
| ५ | मलेशिया | २९.६६ | ९.७ |
| ६ | संयुक्त राज्य अमेरिका | २५.४२ | ८.३ |
| ७ | जापान | २२.८७ | ७.५ |
| ८ | कुवेत | ११.५२ | ३.८ |
| ९ | बहराइन | ८.७९ | २.९ |
| १० | कोरिया | ६.१५ | २.० |
| ११ | बेलायत | ५.०४ | १.७ |
| १२ | अस्ट्रेलिया | १.३४ | ०.४ |
| १३ | अन्य | १८.०७ | ५.९ |
| | **जम्मा** | **३०४.९७** | **१००.०** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीको लागि नेपाली कामदारहरुको प्रमुख गन्तब्य खाडी मुलुकहरु नै रहेको छ । आर्थिक वर्ष २०७६/७७ को चार महिनाको तथ्याङ्कको आधारमा कुल रोजगारीमा जाने कामदारमध्ये ७५.३ प्रतिशत खाडी मुलुकमा गएको देखिन्छ । विगतमा मलेशियामा समेत उल्लेख्य संख्यामा कामदारहरु रोजगारका लागि जाने गरेकोमा वैदेशिक रोजगारीमा लाग्ने शुल्क लगायतका कारण केहि समय मलेशियामा वैदेशिक रोजगारी बन्द भएकोले कामदारहरुको संख्यामा कमी आएको देखिन्छ (तालिका २) । आर्थिक वर्ष २०७६/७७ को चार महिनाको तथ्याङ्कको आधारमा कुल कामदारको १२.५ प्रतिशत मात्र मलेशियामा रोजगारीको लागि गएका छन् । आर्थिक वर्ष २०५७/५८ मा विप्रेषण आप्रवाहको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १०.७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७५/७६ मा २५.४ प्रतिशत पुगेको छ । नेपाललाई अन्तर्राष्ट्रिय दातृ निकाय तथा मित्र राष्ट्रहरुले प्रदान गर्ने विकास अनुदान तथा नेपाल भित्रिने प्रत्यक्ष वैदेशिक लगानीको तुलनामा विप्रेषण आप्रवाह अधिक भएकोले हालको अवस्थामा विप्रेषण नेपालको विदेशी विनिमय सञ्चितिको प्रमुख आधारको रुपमा रहेको छ । विप्रेषण आप्रवाहको वृद्धिदरमा संकुचन आउदा अर्थतन्त्रका विभिन्न क्षेत्रमा पर्न सक्ने प्रभावहरुको विश्लेषण यस भागमा गरिएको छ ।

विप्रेषणले परिवारको आम्दानी वृद्धि गरी गरिबी न्यूनीकरणमा प्रत्यक्ष प्रभाव पार्दै आएको छ । नेपाल जीवनस्तर सर्वेक्षण २०६७/६८ अनुसार करिब ५६ प्रतिशत नेपाली घरपरिवारले विप्रेषण प्राप्त गर्ने गरेका छन् । आर्थिक वर्ष २०६०/६१ मा गरिबीको रेखामुनि रहेको जनसङ्ख्या ३०.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७४/७५ मा १८.७ प्रतिशत पुग्नुमा विप्रेषणको महत्वपूर्ण योगदान रहेको छ (तालिका ८) । संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य अनुसार सन्२०३० सम्म निरपेक्ष गरिबीलाई एकल अंकमा झार्न विप्रेषण आप्रवाहले मद्दत पुऱ्याउने विश्वास गर्न सकिन्छ ।

नेपाल राष्ट्र बैंकले आ.व. २०३०/३१ देखि विदेशी मुद्रा खरीद/बिक्री लगायतका कारोवार हरुको तथ्याङ्क संकलन र प्रशोधन गरी नियमित रुपमा शोधनान्तर तथ्याङ्क प्रकाशित गर्दै आएको भएतापनि विप्रेषण आप्रवाह सम्बन्धी तथ्याङ्क भने आर्थिक वर्ष २०५७/५८ बाट मात्र प्रकाशन गर्न थालिएकोहो। ठा विप्रेषण आप्रवाह सम्बन्धी तथ्याङ्कको स्रोतको रुपमा सबै वाणिज्य बैंकहरु, विदेशी मुद्रामा कारोबार गर्ने विकास बैंक तथा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त मनिचेञ्जरहरुलाई लिने गरिएको छ । विप्रेषण कम्पनीहरुले भित्र्याउने विप्रेषणको तथ्याङ्क भने वाणिज्य बैंकमार्फत प्राप्त हुने गरेको छ। यसरी वाणिज्य बैंक, विप्रेषण भित्र्याउने कम्पनी तथा मनिचेञ्जरबाट संकलित तथ्याङ्कका आधारमा भारत लगायत अन्य देशहरुमा वर्गीकृत गरी विप्रेषणको देशगत विवरण तयार गरिन्छ ।

नेपालले प्राप्त गर्ने कुल विप्रेषणमा भारतबाट प्राप्त हुने विप्रेषणको हिस्सा उल्लेख्य रहेको छ । व्यापार सम्वन्ध र खुला सीमानाका कारण भारतबाट अनौपचारिक माध्यमद्वारा समेत विप्रेषणको रुपमा रकम भित्रिने अवस्थालाई मध्यनजर गरी नेपाल राष्ट्र बैंकले विप्रेषणको तथ्याङ्क तयार गर्दा भारतवाट अनौपचारिक माध्यममार्फत्प्राप्त हुने विप्रेषणको समेत आँकलन गर्ने गर्दछ । नेपाल राष्टले हालै सार्वजनिक गरेको नयाँ रिपोर्टले सबैभन्दा धेरै कतारबाट रेमिट्यान्स भित्रिएको देखाएको छ । कतार पछि दोस्रो स्थानमा भने भारत देखिएको छ। सबैभन्दा धेरै रेमिट्यान्स भित्रिएको कतारको कूल रेमिट्यान्सको हिस्सा १७ दशमलव ७ प्रतिशत रहेको नेपाल राष्ट्र बैंकको तथ्यांकले देखाउछ। उता दोस्रो स्थानमा रहेको भारतको हिस्सा १४ दशमलव २ प्रतिशत रहेको छ । भारतबाट यतिधेरै रेमिट्यान्स आउदा पनि हामी चर्चा त्यहिँ खाडी मुलुककै गर्छौं ।
















प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**